# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाको चौतर्फी विकासमा वर्ग शिक्षण व्यवस्थाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । बालबालिकाहरुको रूचि, उमेर, क्षमता र आवश्यकतालाई शिक्षकले बुझेर शिक्षण क्रियाकलाप गर्न सक्ने शिक्षण व्यवस्थाको छनोट गरेर कार्यान्वयन गर्न सकेमा मात्र उनीहरुलाई विद्यालयप्रति आकर्षित गर्न सकिन्छ । प्राथमिक तहको सुरूवात कक्षा (१-३) मा भर्ना हुन आउने बालबालिकहरुलाई विद्यालय र कक्षाकोठाको वातावरणमा समायोजन हुन सहज हुने शिक्षण व्यवस्थाको छनोट गर्न आवश्यक पर्ने देखिन्छ ।

पाठ्यक्रमले निर्धारण गरे अनुसार विषयहरूका लागि वर्ग शिक्षण, सञ्चालन गर्न विद्यालयको भौतिक अवस्था, शिक्षक संख्या, विद्यार्थी संख्या, विद्यालयको स्तर, उमेर, दक्षता, रूचिको आधारमा प्रत्येक कक्षामा गरिने शिक्षण व्यवस्थापन नै कक्षा सँगठन हो । कक्षा सँगठनको ढाँचा वा तरिकाहरूमा वर्ग शिक्षण, बहुकक्षा शिक्षण, विषयगत शिक्षण, वर्ग रहित शिक्षण र मिश्रित व्यवस्था अपनाइएको पाइन्छ । यो शिक्षा व्यवस्था मध्ये प्राथमिक तहको शुरूको कक्षा (१-३) मा वर्ग शिक्षण व्यवस्थाको विशेष महत्व रहेको छ, (दूर शिक्षा केन्द्र, २०५९) ।

खास गरी साना-साना कक्षाहरका लागि त्यहाँ भर्ना हुने बालबालिकाको उमेर र स्तरलाई ध्यानमा राखी आवश्यकतानुसार ज्ञान र सीपको विकास गर्ने उद्देश्यले  वर्ग शिक्षणको शुरुवात भएको हो । वर्ग शिक्षणको शुरूवातको मूल मर्म साना-साना बालबालिकाहरूको उमेर रूचि, सिकाईको स्तरलाई ध्यानमा राखेर उनीहरूको आवश्यकताअनुसार ज्ञान सीपको विकास गराउनु रहेको पाइन्छ , (दूर शिक्षा केन्द्र, २०४९, पृ. १००) ।

कक्षाको तह र बालबालिकाको आवश्यकतालाई ध्यान दिई शिक्षकलाई जिम्मेवारी दिने सम्बन्धमा यसरी उल्लेख गरेको छ । वर्ग शिक्षण सँगठनको ढाँचा निर्धारण गर्दा विद्यार्थीको उमेर, उ पढने कक्षाको तह र उसको मनोवैज्ञानिक पक्षलाई पनि उत्तिकै ध्यान पुऱ्याउनु पर्ने हुनाले कम उमेरका बालबालिकाहरूको आवश्यकताअनुसार शिक्षण अगाडि बढाउन दिनभरी नै एउटै शिक्षकलाई एउटा कक्षाको जिम्मेवारी दिएर कक्षा सँगठन गर्न सकिन्छ , (दूर शिक्षा केन्द्र, २०५९, पृ.८९) ।

प्राथमिक शिक्षामा गुणात्मक सुधार ल्याउन प्राथामिक विद्यालयका कक्षाहरू कसरी व्यवस्था गरिन्छ । सो कुरा शिक्षकको तयारी कसरी गरिन्छ भन्ने कुरामा निर्भर हुन्छ । वर्ग शिक्षण व्यवस्थापनमा एउटा कक्षाको सबै विषयहरूको शिक्षण व्यवस्थापनमा एउटा कक्षाको सबै विषयहरूको शिक्षण गर्ने जिम्मेवारी एउटै शिक्षकलाई दिइने हुदा शिक्षकलाई सबै विषयहरू अध्यापनगर्न चाहिने सबै सामाग्री एउटै कोठामा राखी विद्यार्थीको आवश्यकताअनुसार जुन बेला जुन विषयको शिक्षण गर्न उपयुक्त ठानिन्छ त्यही विषयको शिक्षण गर्दछन् (शै.ज.वि.केन्द्र, २०६१) ।

श्रीलङ्का, पेरू, कोलम्बिया, जाम्विया लगायतका देशहरूमा अन्य तह बाहेक प्राथामिक तहमा वर्ग शिक्षण व्यवस्था अपनाइएको पाइन्छ । विशेष गरी कक्षा (१-३) का वालवालिकाहरू स्व-सिकाईको निर्देशन बुझ्न सक्ने हुनाले नै अन्य मुलुकमा कक्षा (१-३ लाई वर्ग शिक्षणमासमावेश गरेको पाइन्छ (सेरिड, २००३) ।

हाल देशका ७५ वटै जिल्लाका प्रथामिक विद्यालयहरूमा वर्ग शिक्षण व्यवस्थामा प्रभावकारिता ल्याउन पूर्व सेवाकालिन र सेवाकालिन प्राथामिक शिक्षकहरुलाई तालिम दिनका लागि प्रशिक्षक निर्देशक र शिक्षक स्रोत सामाग्री शैक्षिक जनशक्ति विकास केन्द्रबाट तयार गरी सोही अनुसार तालिम कार्यक्रम संचालन भएको पाइन्छ । शिक्षाको आधार स्तम्भको रूपमा रहेको प्राथमिक शिक्षाको विकासका लागि वर्ग शिक्षण व्यवस्थालाई महसुस गरिएको छ र सोही अनुरूप गा.वि.स.को प्रत्येक वडा-वडामा प्राथामिक विद्यालयको स्थापनामा प्राथामिकता प्रदान गरिएको छ । प्राथामिक तहका साना-साना बालबालिकाहरुका रूचि, क्षमता र आबश्यकताअनुसार ज्ञान सीपको विकास गराउनको लागि वर्ग शिक्षणको शुरूवात भएको पाइन्छ । साना-साना बालबालिकाहरुको घर जस्तो वातावरणमा शिक्षण सिकाई गराउनु, शिक्षाको गुयास्तरीयता कायम गराउन मनोवैज्ञानिक पक्षलाई पनि उत्तिकै ध्यान दिन पनि वर्ग शिक्षण व्यवस्थाअनुसार उसको सर्वाङ्गिण विकासको दायित्व र जिम्मेवारी एउटै शिक्षकलाई प्रदान गरेको छ । प्रथामिक तह (१-३) का बालबालिका भोलिका कर्णधार हुन् भन्ने भावनालाई आत्मासात गरी सरकारी स्तरबाट आर्थिक स्रोत, मानवीय स्रोतक भौतिक स्रोतको परिपुर्तिका साथै वर्ग शिक्षक, प्र.अ.लाई थप जिम्मेवारी प्रदान गरेको वर्तमान अवस्था रहेको छ ।

बालबालिकाको व्यक्तिगत भिन्नताको पहिचान गरी सफल शिक्षण सिकाई गर्न वर्ग शिक्षण व्यवस्था रहेको छ ।

यसरी वर्ग शिक्षणमा कक्षा कोठाको व्यवस्थापन कस्तो रहेको छ ? वर्ग शिक्षणमा गरिने शिक्षण सिकाईको अवस्था कस्तो छ ? वर्ग शिक्षणले सिकाई उपलब्धि र गुणस्तरमा के कस्तो प्रभाव पारेको छ ? वर्ग शिक्षणमा शैक्षिक सामाग्रीको प्रयोगको अवस्था र त्यसले पार्ने प्रभाव कस्तो छ ? शिक्षकबाट वर्ग शिक्षणमा सुपरिवेक्षणको अवस्था कस्तो छ ? वर्ग शिक्षणद्धारा वर्ग शिक्षणमा निर्वाह गर्ने भूमिका के कस्तो छ ? प्र.अ., वर्ग शिक्षक र अन्य जिम्मेवार पक्षले वर्ग शिक्षणको व्यवस्थालाई प्रभावकारी बनाउन के कस्ता उपायहरूको अवलम्बन गरेकोछ ? वर्ग शिक्षण सिकाईमा के-के समस्याहरू छन् र के कस्ता समाधानका उपायहरू अनाउन सकिन्छ ? सुपरिवेक्षक र जिम्मेवार निकायद्धारा प्राप्त निर्देशन, सुझाव र सल्लाह कसरी कार्यान्वयन गरिएको छ ? जस्ता पक्षहरूको गहन खोज र अध्ययन गर्न वर्ग शिक्षणको प्रभावकारिता विषयमा यो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

नेपालको शैक्षिक संरचना अनुसार ५ वर्ष पूरा भएका बालबालिका मात्र कक्षा १ मा भर्ना हुन पाउने व्यवस्था छ । बालबालिकाहरू बुबा-आमाको काख तथा आफ्नो साथी समुह छोडेर आउने हुदाँ उनीहरूलाई विद्यालयको वातावरणमा समायोजन हुन कठनाई परेको हुन्छ । शुरूमा भर्ना भएका बालबालिकाहरूलाई विद्यालयमा नियमित आउने बानी बसाल्ने र सिकाईप्रति उनीहरूलाई उत्प्रेरित गर्न सक्ने शिक्षण व्यवथा अपनाउन जरूरी हुन्छ ।

औपचारिक शिक्षाको आधारस्तम्भको रूपमा रहेको प्राथमिक तह (१-३) मा उपयुक्त शिक्षण व्यवस्था छनौट गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु आजको प्रमुख आवश्यकता हो । प्राथामिक कक्षा (१-३) का स-साना बालबालिकाहरुको क्षमता रूचि ज्ञान सीप र व्यक्तिगत भिन्नताको पहिचान गरी मनोवैज्ञानिक शिक्षण सिकाई गर्न कक्षा कोठाको व्यवस्थापन कुशल प्रशासक, दक्ष कक्षा शिक्षकको कमि रहेको अवस्था रहेको छ ।

शिक्षकको कमि कमजोरीबाट उत्पन्न समस्याको समाधान गर्न वर्ग शिक्षण व्यवस्था उपयुक्त हो भन्ने सेरिड सन् २००३ को अध्ययन प्रतिवेदनले उल्लेख गरेको छ । वर्ग शिक्षण

सिकाईको क्रियाकलाप उपयुक्त र सान्दर्भिक छ वा छैन ? वर्ग शिक्षणमा शैक्षिक सामाग्रीको निमार्ण र प्रयोग शिक्षकहरूले कसरी गर्नु पर्दछ ? कक्षा कोठाको व्यवस्थापन शिक्षण सिकाईका लागि के कस्तो छ ? विद्यार्थी मूल्याङ्कन के कसरी गर्ने गरिएको छ ? जस्ता प्रश्नहरू समस्याको रूपमा उठान गरी अन्य अनुसन्धानात्मक कार्य कतैबाट नभएकाले यस शिर्षकलाई आफ्नो अध्ययनको केन्द्रविन्दु बनाइएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालय तहमा पाठ्यक्रमले तोकेअनुसारको विषयहरू शिक्षण गनको लागी विद्यार्थीको स्तर, उमेर, रूचि, क्षमता, दक्षता आदिको आधारमा शिक्षण व्यवस्थाको छनोट गरिनु पर्दछ । प्राथमिक तहको कक्षा (१-३) मा भर्ना हुन आउने बालबालिकाहरुलाई धेरै जना शिक्षकबाट शिक्षण सिकाई क्रिंयाकलाप संचालन गर्दा समायोजनको समस्या उत्पन्न भएर कक्षा छाड्ने सम्भावना रहन्छ । बालबालिकाहरुलाई कक्षाकोठामा आकर्षण गर्न उनीहरूको रूचि चाहाना इच्छा आकांक्षा क्षमता र आबश्यकतालाई ध्यान दिएर शिक्षण सिकाई कियाकलाप संचालन गरिनु पर्दछ । उनीहरूको प्रतिभा सिकाईमा रहेको कमजोरी र व्यवहार अध्ययन गरेर शिक्षण गर्न वर्ग शिक्षण आवश्यकता हुन्छ । वर्ग शिक्षण पद्धति अपनाउँदा बालबालिकाको व्यत्तिगत भिन्नता नजिकबाट केलाएर हेर्दा कमी कमजोरीहरुलाई सुधार गर्न र सक्षम लाई अझ अगाडी वढ्ने अवसर प्रदान गर्न सजिलो हुन्छ ।

प्राथमिक तहको सुरूको कक्षामा भर्ना भएको वालवालिकाको मनोवैज्ञानिक पक्षलाई राम्ररी बुझेर शिक्षक विद्यार्थीको सम्बन्ध निकट बनाउन प्राथमिक तहमा वर्ग शिक्षण व्यवस्था कक्षा छाड्ने समस्या न्युनीकरण गर्न सकिन्छ । यो अनुसन्धानको विषय नयाँ भएकोले वर्ग शिक्षणको प्रभावकारिता पत्ता लगाउन सामुदायिक विद्यालयको जगको रूपमा रहेको प्राथमिकता तहमा उपयुक्त शिक्षण पद्धति अपनाउन आधार प्राप्त हुने वर्ग शिक्षणमा सिकाई कियाकलाप कक्षा व्यवस्थापनमा महत्वपूर्ण उपलब्धि प्राप्त गर्न सकिने यस अनुसन्धानको महत्व रहने छ ।

यस अनुसन्धानबाट वर्ग शिक्षणको समस्या सहज गर्ने र प्रभावकारी सिकाईका उपायहरू अवलम्बन गर्ने सम्बन्धित व्यक्तिलाई कक्षा व्यवस्थापन, कक्षाको वातावरण निमार्ण गर्न सहयोग वन्ने छ । शिक्षकहरूमा रहेका वर्गशिक्षण सिपलाई थप परिस्कृत एंवम कमी

कमजोरीलाई सुधार गर्ने आधार प्रदन गर्नुको साथै यस अध्ययनबाट प्राप्त सुचना तथा तथ्यलाई शैक्षिक नीति निर्माता योजनाकार अनुसन्धानकर्ताले आफ्नो प्रयोजनको लागी प्रयोग गर्न मार्ग प्रसस्त गर्न सक्ने छन् ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि देहायअनुसारका उद्देश्यहरू छनोट गरिएको छ ?

१. वर्ग शिक्षणमा कक्षाकोठा व्यवस्थापनको अवस्था लेखाजोखा गर्नु,

२. वर्ग शिक्षणमा गरिने शिक्षण सिकाइ क्रियाकलापको विश्लेषण गर्नु ।

३. वर्ग शिक्षण व्यवस्थामा देखिएका समस्या पहिचान गरी त्यसलाई प्रभावकारी बनाउने उपायहरूको खोजी गर्ने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरू राखिएको छ ।

१. वर्ग शिक्षणमा कक्षा कोठाको व्यवस्थापनको अवस्था कस्तो रहेको छ ?

२. वर्ग शिक्षणमा गरिने शिक्षण सिकाइ क्रियाकलापको अवस्था कस्तो छ ?

३. वर्ग शिक्षण व्यवस्थालाई प्रभावकारी बनाउने उपायहरू के के हुन सक्दछन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययन कार्यलाई अगाडी बढाउन ठूलो क्षेत्रमा अनुसन्धान नसकिने हुनाले अनुसन्धानकर्ताको समय परिस्थिती आर्थिक श्रोत र साधनका अभावले मोरङ्ग जिल्लाको बरडंगा श्रोतकेन्द्रभित्र संचालित सामुदायिक विद्यालयहरूमा केन्द्रित गरी, सामुदायिक विद्यालयको प्राथामिक तहमा अध्ययन सिमित रहेको तथा प्राथामिक तहको कक्षा १-३ सम्मलाई मात्र छनोट गरी वर्ग शिक्षण व्यवस्था भएका विद्यालयहरू मात्र नमुना छनौटमा परेको छ साथै शैक्षिक वर्ष २०६९ सम्मको कक्षा व्यवस्थापनलाई मात्र हेरिएको छ ।

## १.७ मुख्य शब्दको परिभाषा

| | | |
|---|---|---|
| सामुदायिक विद्यलाय | : | नेपाल सरकारबाट नियमित रूपमा अनुदान प्राप्त गर्ने विद्यालय नै सामुदायिक विद्यालय हो । |
| वर्ग शिक्षण | : | एक शिक्षकले एउटा कक्षाको सबै विषय शिक्षण गर्ने व्यवस्था नै वर्ग शिक्षण हो । |
| प्राथामिक विद्यालय | : | कक्षा १-५ सम्मको शिक्षा प्रदान गर्ने निकाय नै प्राथमिक विद्यालय हो । |
| व्यवस्थापन | : | कुशलतापुर्वक उपलब्ध साधन श्रोतको अधिकत्तम परिचालन गर्ने कार्य नै व्यवस्थापन हो । |
| कक्षाकोठा | : | शिक्षण सिकाई गर्ने उपयुक्त ठाउँलाई कक्षाकोठा भनिन्छ । |
| शैक्षिक सामाग्री | : | शिक्षण सिकाई कार्यमा प्रयोग हुने सामान नै शैक्षिक सामग्री हो । |

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अध्ययन कार्यलाई अगाडी बढाउने क्रममा शिक्षा क्षेत्रसँग सम्बन्धित निकायहरूमा गएर वर्ग शिक्षण व्यवस्थाको सम्बन्धमा भए गरेका अध्ययन अनुसन्धान तथा शिक्षक प्रशिक्षणका सम्बन्धमा जानकारी प्राप्त गर्ने क्रममा वर्ग शिक्षण व्यवस्थाका सम्बन्धमा अध्ययन अनुसन्धान कमै मात्रामा भएको पाइन्छ ।

प्राथमिक शिक्षा परियोजना (२०५५) का अनुसार वर्ग शिक्षण व्यवस्थाका सम्बन्धमा पूर्ण सेवाकालिन र सेवाकालीन प्राथमिकता शिक्षकलाई तालिम दिनको लागि प्रशिक्षक, निर्देशक र शिक्षक श्रोत सामग्री तयार गरिएको र सोही बमोजीम तालिम संचालन भएको कुरा उल्लेख छ । त्यसै गरी दुर शिक्षा केन्द्रबाट पनि रेडियो शिक्षाबाट शिक्षक तालिम दिन रेडियो पाठसार र स्वाध्ययन सामाग्री तयार गरी वर्ग शिक्षण सम्बन्धि विषयवस्तु समावेश गरेको छ । आधारभुत तथा प्राथमिक शिक्षा परियोजना प्राथामिक शिक्षा परियोजना प्राथामिक शिक्षक तालिम एकाई सानोठिमी भक्तपुरबाट वर्ग शिक्षण तालिम पुस्तिकामा उल्लेखित छ ।

शर्मा र शर्मा (२०५८) काअनुसार वालकको आफ्नो दक्षता, क्षमताको सृजनात्मक विकास गरी उसले चाहे जस्ता सरल तरीकाबाट ज्ञान सीप प्रदान गर्नु शिक्षकको दायित्व हो । वालकको विकासक्रमअनुसार वौद्धिक अभ्यास गराउनु वौद्धिक अभ्यास गराउनु शिक्षण हो र शिक्षण हो र शिक्षक बालक र वातावरण वीचको अन्तर क्रिया हो । सेरिड (२००३) का अनुसार राम्रो कक्षाकोठाबाट व्यवस्थित शिक्षण सिकाई प्रभावकारी हुने र कक्षाकोठाको वातारण सिकाई अनुकुल भएमा प्रत्यक्ष पा परोक्ष रूपमा विद्यार्थीहरूले धेरै कुराहरू सजिलै सिक्न अवसर पाउने भएकाले शिक्षकले कक्षा कोठालाई सिकाई अनुकुल बनाउनु पर्दछ । कक्षा कोठाको प्रभावकारी व्यवस्था गरी कक्षा कोठालाई सिकाई अनुकुल बनाउनको लागि पनि एक जना शिक्षक एउटै कक्षामा दिनभरी रहेर शिक्षण एउटै कक्षामा दिनभरी रहेर शिक्षण गर्नु पर्ने आवश्यकता देखिन आउँछ ।

वाग्ले र अन्य (सन्, १९७७) का अनुसार गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि अधिकाशं विद्यालयहरूमा कक्षा १-३ सम्म वर्ग शिक्षण गरिएको र अनुभव तर तालिम प्राप्त शिक्षकलाई

मुख्य शिक्षकमा नियुक्ति गरेर समुह विद्यालयका कक्षा शिक्षकलाई कक्षा व्यवस्थापन, शिक्षण सिकाई सम्बन्धि समस्याहरूमा छलफल गर्ने पृष्ठपोषण दिने र आवश्यक परेमा नमुना कक्षा समेत प्रदर्शन गर्ने जिम्मेवारी दिएको पाइछ। शिक्षण व्यवस्थपनका सम्बन्धमा भएको अनुसन्धान प्रतिवेदबाट प्राप्त जानकारीका साथै शैक्षीक जनशक्ति विकास केन्द्र आधारभुत तथा प्राथामिक शिक्षा परियोजना प्राथामिक शिक्षक तालिम एकाई र दुर शिक्षा केन्द्रबाट शिक्षक तालिम तयार गरी प्रशिक्षण प्याकेजको समीक्षा गरिएको छ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६१) ले वर्ग शिक्षणको महत्वलाई यसरी उल्लेख गरेको छ। स-साना वालबालिकाहरूलाई घरकै जस्तो वातावरण तयार गर्न वर्ग शिक्षण व्यवस्था उपयुक्त हुने देखिन्छ। स-साना वालबालिकाहरूलाई धेरै व्यक्तिहरूसँग समायोजना हुन कठिनाई हुने भएकाले वर्गशिक्षण गर्दा उपयुत्तः हुन्छ। सबै वालबालिकाहरूको रूची, क्षमता र आावश्यकता बुझेर वर्ग शिक्षण गर्नु पर्ने देखिन्छ। प्रथामिकतहको कक्षा १-३ मा आउने विद्यार्थी भर्खर विद्यालय प्रवेश गरेका र विद्यालयको वातावरणमा अभ्यस्तभई नसकेको हुनाले उनीहरूलाई विद्यालयमा आउने बानिकोविकासगर्न वर्ग शिक्षण गर्नु पर्दछ भन्ने मान्यता पाइएको छ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३) ले वर्ग शिक्षणको फाइदाको बारेमा यसरी उल्लेख गरेको छ। विद्यार्थी सँग नजिक भई एउटा निसंकोच र सौह्रार्दपूर्ण वातावरणमा आ-आफ्नो रूचि र क्षमता शिक्षण सिकाई सरिक हुने अवसर शिक्षक विद्यार्थी दुवैलाई वर्गशिक्षण व्यवस्थाबाट हुन्छ। प्रत्येक विद्यार्थीको हरेक पक्षको विकासबारे शिक्षकलाई ज्ञान हुने शिक्षकमा कक्षागत जिम्मेवारी बोध हुने जसका फाइदाहरू वर्ग शिक्षणबाट हुन्छ।

विद्यार्थीहरूका लागि विद्यालयसँग परिचय हुने समय कक्षा (१-३) नै हो विद्यार्थी सीधा घरबाट कक्षा (१-३) मा भर्ना हुन्छ। उसका लागि विद्यालयको वातावरण नौलो हुन सक्छ। यस्ता वातावरणमा घुलमिल हुन उसलाई निकै गाह्रो पर्छ। त्यसैले विद्यार्थीलाई विद्यालयमा भुलाउन वर्ग शिक्षकले बढी टेवा दिन्छन्। वर्ग शिक्षण सिकाई अन्तर्गत शिक्षक र विद्यार्थीहरू दिनभरी एउटै कक्षामा बसिरहनु पर्ने हुन्छ। यदि कक्षा कोठा आकर्षक सुविधायुक्त सरसफाई हुनका साथै शिक्षण सिकाई वातावरणलाई सघाउ पऱ्याउने किसिमको भएमा कक्षाकोठाको बसाई रमाइलो हुन्छ। शिक्षण सिकाई कार्य सजिलो र प्रभावकारी हुन सक्छ। नत्र कक्षा कोठा

भित्र एकछिन बस्न पनि सजाय दिएको जस्तो हुन्छ । फलस्परूप शिक्षण सिकाईलाई प्रतिकुल प्रभाव पार्छ । कस्ता किसिमको व्यवस्थापनमा भएमा त्यसलाई उपयुक्त व्यवस्थापन मान्ने भन्ने विषयको व्यापक  छलफल गरिनु पर्दछ ।

थापा (२०६७) ले काठमाण्डौं जिल्लाको सामुदायिक विद्यालयको प्राथमिक कक्षामा वर्ग शिक्षणको अवस्थालाई सुधार गर्न वर्ग शिक्षक र प्र.अ. भूमिका कस्तो छ । शिक्षण सिकाई सगँ सम्बन्धित समस्यालाई शिक्षक र प्रधानाध्यापकले कसरी सामाना गर्दै आएका छन् भन्ने उद्देश्यमा केन्द्रित रहेर शोधअध्ययन गरेका थिए । उक्त शोधअध्ययनबाट जिल्लाको अधिकाशं शिक्षक तालिम अप्राप्त भएकाले वर्ग शिक्षण व्यवस्थापन सम्बन्धि तालिम प्रदान गर्नु पर्ने सुभाव दिएको छ । वर्ग शिक्षण कक्षा (१-३) मा पुरूष शिक्षकले सिकाई गर्दा वालवालिकाहरूमा जति लिङ्ग वर्ग धनी गरिव जान्ने नजानने आदिमा ेदभावको भावना नराखी शिक्षण गर्ने र विद्यार्थीहरूको व्यक्तिगत समस्या पहिचान गरी दण्ड नदिई वालमैत्रिपूर्ण व्यवहार गर्नुपर्ने सुभाव गरेको छ ।

## २.२ सैद्धान्तिक खाका

प्रस्तुत अध्ययनलाई सहज रूपले अगाडी बढाउने एफ डब्लु टेलरको वैज्ञानिक व्यवस्थापन सिद्धान्त र जर्ज इल्टन मायाको मानबसम्बन्ध सिद्धान्तलार्य अधययनको सैद्धान्तिक खाकाको रूपमा प्रस्तुत गरिएको छ ।

टेलर (१९११) ले बैज्ञानिकव्यवस्थापनको सिद्धान्त अनुसार उत्पादकत्व बढाउने दक्ष कामदार आवश्यक भएकाले कार्य दक्षता बढाएर प्रत्येक कामदार र व्यवस्थापक बीच आत्मीय सहयोग सम्बन्ध सामाञ्जयस्ता हुनुपर्ने कामदारलाई मात्र दोष दिएर आफु उम्कने परिपाटि त्यागनु पर्ने कामदारले कम गर्ने समय कार्य विवरण काम गर्ने गति कम गर्नुपर्ने र थकान कम गरी  कामलाई चुस्तदुरुस्त बनाउनु पर्ने कामदारलाई अधिकतम उपलब्धि हासिल गर्ने गरी बैज्ञानिक ढङ्गबाट परिचालन गर्नु पर्ने साथै बढी कामका लागी बढी ज्याला निर्धारण गर्नुपर्ने र सो सम्बन्धमा अवलोकन मूल्याङ्कन परीक्षण र निचोड निकाल्नु पर्ने कुरा उललेख गरेका   छन्, (काफ्ले, श्रेष्ठ र सिन्हा, २०६४ बाट उद्धृत) ।

यसरी बैज्ञानिक व्यवस्थापनको सिद्धान्तले विद्यालय प्रशासनमा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । विद्यालय प्रशासनमा बैज्ञानिक व्यवस्थापन सिद्धान्तको प्रयोगलाई निम्नानुसार प्रस्तुत गरिएको  छ । शिक्षाको नीति, योजना कार्यान्वयन के कसरी गर्ने भन्ने आधार निमार्ण गरी आवश्यक विधि, श्रोत र सामाग्रीबारे शिक्षकलाई जानकारी दिने व्यवस्था शुरू भएको छ । पाठ्यक्रम निमार्ण गर्दा कामको विश्लेषण गरी क्रियाकलापको समेत विश्लेषण गर्न थालिएको छ ।   शिक्षकहरूको शिक्षण दक्षता बढाउन तालिमको व्यवस्था गरिएको छ । विद्यालयमा शिक्षकको काम विभाजनको थालनी भएको छ । विद्यालय प्रशासकहरूको लागि प्रशासनिक सीप किास गर्ने तर्फ ध्यान दिन थालिएको छ । विद्यालयमा लेखा कर्मचारी पद्धतिको संगठनात्मक प्रकिया शुरू गरेको छ । सामुदायिक विद्यालयको प्राथामिक तहको कक्षा(१-३) मा उपयुक्त सिद्धान्त अपनाई वर्ग शिक्षकहरूको उचित सहयोग प्रोत्साहान र न्यायोचित तरीकाले मूल्याङ्कन गरेमा वर्ग शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ ।

जर्ज इल्टन मायो, (१८८०) का अनुसार उत्पादकत्व बढाउन कर्मचारीका कमीकमजोरी पत्ता लगाई समन्वय र प्रेरणा दिनुपर्दछ । क्षमताअनुसार नेतृत्व विकास गर्नुपर्छ । कर्मचारीलाई क्षमता बढाउन आवश्यक व्यवस्था मिलाउनु पर्दछ । संगठनको काममा सबै क्रियाशिल हुनुपर्छ । प्रशासक र कर्मचारी बीच दोहारो वास्तविक संचार हुनु आवश्यक हुन्छ । सामाजिक क्षमता बढाई कार्यदक्षता बढाउनु पर्छ सबै खाले सगँठनलाई महत्व दिनुपर्छ । उत्पादकत्व पक्ष समेतलाई जोड दिनुपर्छ । कार्यक्षमताका आधार समुह कार्यलाई बढाउनुपर्छ (काफ्ले,श्रेष्ठ र सिन्हा २०६४ बाट उद्धृत) ।

ढकाल, (२०५४) ले उल्लेख गरे अनुसार यस सिद्धान्तले शिक्षा क्षेत्रमा गरेको प्रयोगको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।  शिक्षा व्यवस्था प्रजातान्त्रिक संस्कारको थालनी भई पाठ्यक्रम निमार्ण देखि शिक्षाका सम्पूर्ण क्रियकलापमा शिक्षकको सहभागितालाई प्रयोगमा ल्याउने प्रयास हुन थालेको छ । शिक्षा प्रशासनलाई प्रजातान्त्रिकरण गर्न, व्यस्थापक र शिक्षकबिचको सम्बन्धलाई सुमधुर बनाउनु पर्दछ भन्ने अवधारणाको विकास भएको छ । नेतृत्वको तानाशाहि प्रवृत्ति हटाई प्रजातान्त्रिक ढङ्गबाट काम गर्नुपर्दछ । बालकको शिक्षण सिकाई प्रजातान्त्रिक धारणा अनुरूप हुनु पर्दछ भन्ने मान्यताको विकास भएको छ । विद्यालय विकासमा सबैको सहभागिता हुनु पर्दछ भन्ने मान्यताकोविकास भएकोछ । शिक्षकको स्थान

महत्वपूर्ण छ । तसर्थ शिक्षकका सम्भाव्यगुणहरूकोविकास गर्न सके शिक्षाको विकास हुनेछ । भन्ने धारणाआएको छ ।

मानव सम्वन्ध सिद्धान्तले विद्यालयकोसमग्र मानविय जनशक्ति बीच सुमधुर सम्बन्ध स्थापना गरी वर्ग शिक्षण सिकाईलाई प्रभावकारी वा उपलब्धिमूलक बनाउन महत्वपूर्ण योगदान पुऱ्याउछ ।

## २.३ पुनरावलकोनको उपादेयता

उल्लेखित सैद्धान्तिक खाका र साहित्यहरूको पुनरावलोकनबाट सामुदायिक विद्यालयको मेरूदण्डको रूपमा रहेका प्राथामिक विद्यालयका स-साना बाल-बालिकाहरुको लागि वर्ग शिक्षण सिकाईको गुणस्तर वृद्धि गर्न कक्षा कोठाको व्यवस्थापन बैज्ञानिकीरण गर्नुको साथै वर्ग शिक्षणको प्रभावकारिता अभिवृद्धि गर्न नै केही भूमिका निर्वाह गर्दै आएको छ । प्रधानाध्यापक र वर्ग शिक्षकलाई थप जिम्मेवारी र दायित्वप्रति सहयोग, क्षमता र दक्षता अभिवृद्धिमा मार्ग निर्देशन गरी वर्ग शिक्षणसग सम्बन्ध राख्ने जो कोहिलाई आवश्यक सुधारका लागि प्रेरणा छर्ने जमर्को समेत गरेका छन् । यस अध्ययनसँग सम्बन्धित विभिन्न खोज तथा अनुसन्धान भए तापनि वर्ग शिक्षणको प्रभावकारिताको बारेमा यर्थाथ खोज तथा अनुसन्धान भएको पाइदैन । तसर्थ यस अध्ययनले सम्बन्धित र सरोकारवाला सबैलाई उपयोगी हुने कुरामा विश्वास गरिएको छ ।

# परिच्छेद तीन : अनुसन्धान विधि

## ३.१ अनुसन्धानात्मक विधि

प्रस्तुत अध्ययनमा गुणात्मक अध्ययनको ढाँचा अवलम्बन गरिएको छ। अध्ययनको क्रममा वर्ग शिक्षणसँग सम्बन्धित वर्ग शिक्षक, प्र.अ. तथा विद्यार्थीहरूबाट प्राप्त विचार र सूचनाहरुलाई पूर्ण गुणात्मक ढाँचाको रूपमा राखिएको छ।

## ३.२ जनसंख्या

यस शिर्षकमा अध्ययन कार्यको लागि मोरङ्ग जिल्ला अन्तर्गत पर्ने बरङगा श्रोतकेन्द्रसँग आवद्ध रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरू सो विद्यालयका तह कक्षा (१-३) का वर्ग शिक्षक, प्र.अ. र अध्ययनरत विद्यार्थीहरू जनसंख्याको रूपमा रहेका छन्।

## ३.३ नमुना छनौट

प्रस्तुत अध्ययनका लागि वरडङ्गा श्रोतकेन्द्रसँग आवद्ध रहेका सामुदायिक विद्यालयको प्राथामिक तह कक्षा (१-३) मा संचालित वर्ग शिक्षण लागु भएका मध्ये उद्देश्यमूलक नमुना छनोटमा परेका २ विद्यालयका कक्षागत वर्ग शिक्षक, प्र.अ.र विद्यार्थीहरूलाई नमुना छनोटको रुपमा  गरिएको छ। यस अध्ययनमा नमुनाको आकारको रूपमा छनोटमा परेका विद्यालयका कक्षागत वर्ग शिक्षक, प्र.अ. र प्रत्येक विद्यालयको कक्षागत ३ जनाको दरले हुने विद्यार्थीहरू नमुनाको आकारको रूपमा रहेका छन्।

## ३.४ तथ्याक संकलनका साधन

प्रस्तुत अध्ययन कार्यलाई अगाडी बढाउन तथ्याङ्क संकलन गर्न देहाय बमोजिमका साधनहरु प्रयोग गरिएको छ।

क) अवलोकन

ख) अन्तवार्ता

ग) लक्षित समूह छलफल

घ) रूजु सूचि

## ३.५ तथ्याङ्कको स्रोत

अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न मूलतः २ प्रकारका श्रोतहरूको उपयोग गरिएको छ।

**प्राथमिक स्रोत**

यसका लागि अध्ययनकर्ता स्वयम उपस्थित भै प्रत्यक्ष सम्पर्क गरी अन्तवार्ता, अवलोकन छलफल प्रश्नावली तालिका तयार गरी तथ्याङ्क संकलन गरिएको तथ्याङ्क प्राथमिक स्रोत अन्तर्गत रहेका छन् ।

**द्धित्तिय स्रोत**

यसका लागि नमुना विद्यालयको अभिलेख विद्यालयले प्रकासन गरेको स्मारिका प्रयोग गरी संकलन गरिएको तथ्याङ्क द्वितिय स्रोत अन्तर्गत रहेका छन् ।

**३.७ तथ्याङ्क संकलन विधि**

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथामिक तथ्याङ्क र द्वितिय तथ्याङ्क संकलनको लागि अवलोकन फाराम प्रश्नावली प्रयोग गरी छनौटमा परेका विद्यालयका अध्ययन केन्द्रित वर्ग शिक्षक, विद्यार्थीहरू र प्र.अ. सँग विद्यार्थी आफै उपस्थित भई तथ्याङ्क तथा सूचना संकलन गरिएको छ । तथ्याङ्क संकलन गर्न शोधार्थी आफै प्रत्यक्ष रूपमा कक्षा अवलोकन तथा छलफल गरी सम्बन्धित रूजु सूचि प्रश्नावली तथा अवलोकन फाराम भर्ने भराउने तथा शिक्षकको योग्यता तालिम प्राप्त वा अप्राप्त शिक्षक र शिक्षण सिकाईको अवस्था कक्षा व्यवस्थापन गर्ने कार्य नै तथ्याङ्क संकलन को महत्वपूर्ण पक्ष रहेको छ ।

यस अध्ययन कार्य सम्पन्न गर्न शोधार्थी आफैले छनोटमा परेका विद्यालयका सम्बन्धित कक्षाका वर्ग शिक्षक प्र.अ. र विद्यार्थीसँग प्रत्यक्ष रूपमा भेटघाट गरी छुट्टा-छुट्टै प्रश्नावली फाराम भराई यहाहरूसँग वर्ग शिक्षण सँग थप विचार विर्मश गरी विश्लेषण गरिएको छ ।

**३.८ तथ्याङ्क विश्लेषण विधि**

अध्ययनको क्रममा तथ्याङ्क संकलनका साधनहरूको प्रयोग गरी प्राप्त तथ्याङ्क र सूचनाहरूलाई उद्देश्यअनुसार प्रस्तुतिकरण गर्दै सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाको व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

वर्ग शिक्षणमा कक्षा कोठाको व्यवस्थापनको अवस्थाको पहिचान गर्ने, वर्ग शिक्षणमा गरिने शिक्षण क्रियाकलापको अवस्थाको पहिचान गर्ने र वर्ग शिक्षणा व्यवस्थालाई प्रभावकारी बनाउने उपायहरूको खोजि गर्ने मुख्य उदेश्य राखेर मोरङ जिल्लाको बरडंगा स्रोतकेन्द्र अन्तर्गतका गा.वि.स.हरू झुर्किया, माहादेव, डाइनियाँ र बरडंगा मा संचालित ३४ वटा विद्यालयलाई अध्ययनको क्षेत्र बनाइएको छ । ती मध्ये १ उच्च मा.वि.र १ मा.वि. लाई उदेशयमुलक छनौट विधिबाट छनौट गरिएको छ । ती दुबै विद्यालयमा कक्षा (१-३) सम्म वर्ग शिक्षण गरिएको छ । विद्यालयका अभिलेखहरू, शिक्षक, प्रधानाध्यापक र विद्यार्थीहरूबाट प्राप्त भएका तथ्याङ्क जानकारीलाई प्रत्येक उद्देश्यमा समेटेर समग्ररूपमा व्यवख्यात्मक विश्लेषण गरिएको छ ।

## ४.१ वर्ग शिक्षणमा कक्षाकोठा व्यवस्थापनको अवस्था

अध्ययनको लागि छनौट गरिएको मोरङ् जिल्लाका बरडङ्गा स्रोत केन्द्र अन्तर्गत ३४ वटा विद्यालयमध्ये छनौटमा परेका २ वटा विद्यालयमा वर्ग शिक्षणमा कक्षाकोठाको सरसफाई विद्यार्थीको बसाई व्यवस्थापन, कालोपाटीको रखाई र प्रयोग, कक्षाकोठाको सजावटका साथै विद्यार्थीको लागि फर्निचर सम्बन्धि अवस्था बुझ्नको लागि अवलोकन गरिएको थियो भने प्र.अ. र वर्ग शिक्षक संग खुल्ला प्रश्नावली र असंरचित अन्तवार्ता गरिएको थियो जसबाट प्राप्त तथ्याङ्कलाई निम्नअनुसार विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

### ४.१.१ कक्षाकोठा सरसफाई

अध्ययनकर्ता आफै उपस्थित भई कक्षा अवलोकन गर्दा कक्षाकोठा सफा भएको पाइयो भने कक्षाकोठामा फोहर संकलन गर्ने भाडाँ र कुचो ढोकाको छेउमा राखिएको थियो । कक्षाकोठा सफा गर्नको लागि तालिकामा कार्य विभाजन गरिएको र सरसफाई जिम्मेवारी पाएका बालबालिकाले आ आफ्नो कक्षाकोठा आफै सफा गरेको देखिएको छ । शिक्षकको सहभागितामा विद्यार्थीले कक्षा शुरू हुनु भन्दा पूर्व कक्षाकोठाको सफाई दैनिक रूपमा गरेको पाइयो । आफ्नो सरसफाई गर्ने पालोमा पालो परेका विद्यार्थी अलि छिटो विद्यालय आएर कक्षा

सञ्चालन हुनु भन्दा पहिले नै कक्षाकोठा सफा पारिएको बताउँछन । विद्यार्थी भाई बहिनीहरू उनिहरूका अनुसार आफू बस्ने कोठा शिक्षकको सहयोगमा तालिकामा तोकिएको अनुसार नै सफा गरेको बताएका थिए । कक्षाकोठा सफा र आकर्षक देखिन्थ्यो । दुबै विद्यालयमा कक्षा १ को कक्षाकोठा बढी सफा र आकर्षक देखिन्थ्यो । दुबै विद्यालयमा कक्षा एकको कक्षाकोठा पियनबाट सफा गराइएको बताए । अध्ययनकर्ता स्थलगत अध्ययनको क्रममा छनौटमा परेका दुबै विद्यालयमा अवलोकन गर्दा कक्षा २ र ३ को कक्षाकोठा विद्यार्थीहरूले नै सफा गरेका र वर्ग शिक्षकहरूले पनि उनीहरू नजीक आवश्यकतानुसार सहयोग र निर्देशन दिइएको पाइन्छ ।

वर्ग शिक्षण संचालन गर्ने शिक्षहरूलाई कक्षाकोठा सफा र आकर्षक हुनु जरूरी छ भनी प्रश्न गर्दा शिक्षणमा शिक्षक र विद्यार्थीहरू दिनभरि एउटै कक्षामा रही रहनुपर्ने भएकोले कक्षाकोठा आकर्षक सुविधायुक्त र सफासुग्घर हुनुपर्दछ र सबै काम शिक्षक एकलैले गर्न नसक्ने भएकाले अन्य क्षेत्रबाट सहयोग लिनु पर्दछ । कक्षाकोठा फोहोर र भत्ताभुङ्ग भयो भने विद्यार्थीहरूले पढ्न पनि रूचि देखाउदैनन् र आफू पनि अल्छी हुन्छन् । त्यसैले कक्षाकोठा सफा र आकर्षक हुनु अनिवार्य छ भन्ने भनाई पाइयो ।

**४.१.२ विद्यार्थी बसाई व्यवस्थापन**

कक्षा अवलोकन गर्दा विद्यार्थीको बसाई समय समयमा परिवर्तन हुने गरेको पाएको छ । कक्षाकोठामा वर्गशिक्षकले विषय वस्तु र शिक्षण क्रियाकलापको प्रकृया अनुसार विद्यार्थीहरूलाई यू आकार, सी आकार, गोलाकार, अर्धगोलाकार, आयताकार र एल आकारमा परिवर्तन गर्दै राखेको पाइएको छ । कक्षा एकको लागि सबैभन्दा उपयुक्त र ठूलो कक्षा कोठा छुट्टयाएको हुनाले विद्यार्थीलाई विभिन्न तरीकाले बस्ने व्यवस्था मिलाउन सजिलो भएको पाइएको छ । विद्यार्थीको संख्याअनुसार तीनवटा देखि पाँचवटा समूह निर्माण गरी वसाई व्यवस्था मिलाएको देखिन्छ । दुबै विद्यालयमा कालोपाटीमा हेर्न सकिने र उज्यालो प्रकाश आँखामा नपर्ने गरी बसाई व्यवस्था मिलाएको थियो । दुबै विद्यालयमा वर्ग शिक्षकलाई विद्यार्थीहरूको बसाईमा समय  समयमा परिवर्तन गर्नु भएको छ भनी प्रश्न गर्दा विद्यार्थीको बसाईमा समय समयमा परिर्वतन गर्दा उनीहरूमा केहि समयको लागि नयाँपनको अनुभव हुन्छ

र शिक्षण क्रियाकलाप गर्न सफलता मिल्छ भन्ने वर्ग शिक्षकको भनाई थियो । कक्षा अवलोकन गर्दा पनि बसाई व्यवस्था परिवत्तन गर्दा विद्यार्थीहरू खुर्शी भएको र रमाएको थिए ।

अध्ययनकर्ता प्र.अ. लाई तपाईको विचारमा वर्ग शिक्षण गर्दा विद्यार्थीको बसाई व्यवस्था कस्तो हुनुपर्दछ भनी खुल्ला प्रश्नावली गर्दा प्र.अ.काअनुसार विद्यार्थीको बसाई व्यवस्था कक्षाकोठाको आकार र शिक्षणको प्रकार अनुसार हुनुपर्ने साथै कालोपाटीमा देख्न सकिने, बाहिरको उज्यालो सिधा आँखामा नपर्ने र क्रियाकलाप गराउन मिल्ने गरी व्यवस्था मिलाउनु पर्दछ भन्ने भनाई थियो । यसै तथ्यलाई आधार मानेर विद्यार्थी बसाई व्यवस्थापन सम्बन्धमा दुबै विद्यालयमा कक्षाकोठाको अवलोकन गर्दा विद्यार्थी संख्या कक्षाकोठाको आकार र विद्यार्थीहरूको रूचि र आवश्यकतालाई समेत ध्यान दिएको विद्यार्थी बसाई व्यवस्थापन गरेको पाइएको छ । विद्यार्थि बसाई व्यवस्थापन सुन्न, हेर्ने क्रियाकलाप गर्न एक आपसमा छलफल गर्न मिल्ने गरी कक्षा १ मा कारपेट ओछयाइ बसाइएको र कक्षा १,२ मा आयतकार डेस्कमाथी कपी राखी लेख्न मिल्ने व्यवस्था मिलाइएको पाइयो ।

### ४.१.३ शैक्षिक सामग्री व्यवस्थापन

अध्ययनकर्ताबाट कक्षा अवलोकन गर्दा शैक्षिक सामग्री व्यवस्थापन सम्बन्धमा अध्ययनको क्षेत्रमा परेका दुबै विद्यालयमा विद्यार्थी र शिक्षबबाट सामग्रीहरूलाई डोरीमा भ्रुण्डयानर  भित्तामा टाँसेर राखिएको पाइयो । यसरी तयार गरिएको सामग्री केहि दिनपछि भ्रिकेर फायलमा राख्ने र त्यस ठाउँमा अर्को नयाँ शैक्षिक सामग्री राख्ने व्यवस्था भएको अवलोकन बाट पत्ता लगाइएको छ । स्थानीय स्तरमा प्राप्त गरिएको खेसारी, मकै, सिमि, भटमास, केराउको दानाहरूलाई बरावर संख्याको मुठ्ठा बनाएर रबरले बाँधेर राखेको देखिन्थ्यो । तयारी अवस्थामा ठोस शैक्षिक सामग्रीहरू आवस्यक मात्रामा कक्षाकोठामा देखिन्थ्यो । विद्यालय आफैले खरीद गरेका र संघसंस्थाबाट प्राप्त भएका यस प्रकारका शैक्षिक सामग्रीहरुलाई चाहिएको बेलामा प्रयोग गर्न सकिने गरी काठ र स्टीलको ऱ्याकमा व्यवस्थित तरीकाले राखीएको पाइयो कक्षाकोठामा भएका सामग्री विद्यार्थी शिक्षक दुबैले प्रयोग गर्ने गरेको तथा कक्षाकोठामा राखिएका सामग्रीहरू कस्तो हो भनी विद्यार्थीलाई सोद्धा विद्यार्थीले हाम्रो सामाग्री हो भन्ने जवाफ दिएकाले शिक्षकको एकलौटि स्वामित्व अन्त्य भएको पाइयो । शिक्षक र

विद्यार्थीद्वारा निर्मित वा बाहिरबाट खरिद गरेर ल्याएका सामग्रीहरू प्रकृतिअनुसार भितामा टाँसेको, कक्षाकोठाको र्‍याकमा राखेको तथा दुबै विद्यालयको कक्षाकोठामा भएका सबै प्रकारको शैक्षिक सामग्रीहरू व्यवस्थित तरीकाले राखिएको र शिक्षक विद्यार्थीले विषयबस्तु अनुसार आवश्यक पर्ने सामग्रीको प्रयोग गरेर सुरक्षा गर्ने जिम्मेवारी लिएका थियो । तथापि उल्लेखित पक्षहरू प्र.अ.का अनुसार अर्थिक अभावका कारण उपयुक्त किसिमका बालबालिकाहरूलाई रूची उत्पन्न गराउन सक्ने खालका शैक्षिक सामग्रीको अभाव रहेको गुनासो रहेको पाइयो ।

### ४.१.४ कालोपाटीको व्यवस्थापन र प्रयोग

अध्ययन गरिएको दुबै विद्यालयमा कक्षाकोठामा विद्यार्थीले भुईमा नै बसेर लेख्न मिल्ने गरी चारैतिर सेतो वोड राखेको पाइयो । कक्षा कोठामा चारै तिर भितामा सेतो वोड राखिएको र भुईको सतहबाट झ्यालको प्राथमिक तहको शुरूको मागसम्म रहेको पाईयो । सेतो वोर्डमा तिमीहरूले पनि लेख्छौ कि शिक्षकहरुले मात्रै लेख्नु हुन्छ भनि विद्यार्थीहरुलाई प्रश्न गर्दा धेरैजसोले हामीहरू लेख्छौ कहिले काहि शिक्षकले पनि लेख्नु हुन्छ भनि वताए । कक्षाकोठाको चारैतिर विद्यार्थीको पहुँचमा रहने गरी सेतो वोड राखिएको र बालबालिकालाई लेख्नको लागि कालो र सेतो वोड राखिएको छ भने मेट्नका लागि डस्टरहरू राखिएको थियो । बालबालिकाहरूले सेतो वोड प्रयोग गर्ने अवसर पाएका र प्रयोग गर्ने गरेको पाइयो । कक्षाकोठमा चारैतिर भितामा सेतो वोड  व्यवस्था गरिएकाले सबै बालबालिकाहरूले सेतो वोर्डमा लेख्दै सिक्ने अवसर पाएको देखिन्थ्यो । बालबालिकाले भेट्टाउन नसक्ने स्थानमा सेतो वोर्ड राखेर शिक्षकले मात्र र प्रयोग गर्ने परिपाटीको अन्त्य भएको पाइयो । कक्षा अवलोकनबाट सेतो वोर्डको निर्माण र प्रयोगमा बालबालिकाको उमेर, स्तर, अधिकार वा आवश्यकताालाई ध्यान दिएर तयार गरेको पाइयो ।

### ४.१.५ कक्षाकोठाको सजावट र आकर्षण

अध्ययनकर्ताले कक्षा अवलोकन गर्दा कक्षाकोठामा भितालाई विषय कुनाको रूपमा प्रयोग गरेको पाईयो । विषय कुनाको लागि भित्ताहरूमा निश्चित स्थान छुट्याएको र त्यस विषयसंग सम्वन्धित चित्र, तस्वीर, चार्टहरू झुण्डयाएर सजाइएको थियो । कक्षा कोठाका

भित्ताहरू सिमेन्ट प्लास्टर गरेर सेतो रंग लगाइएको थियो भने प्रत्येक विषयको लागि छुट्टा-छुट्टै भित्ताको प्रयोग गरेको पाइयो । उत्तरी भित्तामा विद्यार्थीहरूको सामुहिक तस्वीर, सरस्वतीको तस्वीर, फलाटिन पाटी, पकेट चार्ट नैतिक युक्त, साहित्यिक कुरा, शैक्षिक सामग्री झुण्ड्याउने ठाउँ र झ्यालमुनि सोते वोड रहेको पाईयो भने पूर्वी भित्तामा नेपाली कुना -विद्यार्थी निर्मित शैक्षिक सामग्री) सामाजिक कुना, नक्साहरू, शिक्षक निर्मित सामग्री, शैक्षिक भनाईहरू, सफाई सम्बन्धी सुचनाहरूको सथै सेतो वोर्ड रहेको पाइयो । त्यसरी नै दक्षिणी भित्तामा गणित कुना, स्वस्थ्य कुना, गणित सँबन्धि तालिकाहरू, शिक्षक निर्मित गणित सम्बन्धि शैक्षिक सामग्री, विद्यार्थीहरूको तौल नाप्ने मेसिन र सेतो वोर्ड रहेको पाइयो भने पश्चिमी भित्तामा सूचना पाटी, विविध विषयमा विद्यार्थीले तयार पारेका कलात्मक कुराहरू, विद्यार्थी हाजिरी रेकर्ड (विद्यार्थी उपस्थिति पाटी) परियोजनाबाट दिइएका शैक्षिक सामग्री रहेको पाइयो । कक्षाकोठमा राखिएको यस प्रकारको सामग्रीले अप्रत्यक्ष रूपमा बालबालिकाहरूलाई केहि कुराहरू सिक्न सहयोग पुऱ्याएको देखिन्छ ।

वर्ग शिक्षकलाई कक्षाकोठा सजाउन अनिर्वाय छ । भनी खुल्ला प्रश्नावली गर्दा यस सम्बन्धमा वर्ग शिक्षकको भनाई यस्तो रहेको पाइयो । कक्षाकोठाको सजावटबाट नै विद्यार्थीहरूले धेरै कुराहरू  सिक्ने अवसर पाएको हुन्छन् । कक्षाकोठालाई आकर्षक रूपमा सजाएर विद्यार्थीहरूलाई मनोरञ्जनात्मक तरीकाले सिक्ने अवसर प्रदान गर्नु हाम्रो दायित्व हो र कक्षाकोठामा विद्यार्थी शिक्षकले तयार गरेको र खरिद गरेर ल्याएको सामग्रीहरू विषयअनुसार छुट्टयाएर निश्चित ठाँउमा झुण्डाउने, टाँस्ने गर्दा कक्षाकोठा आकर्षक देखिने , विद्यार्थीले आफै पनि सिक्ने मौका पाउने र पढाउने क्रममा पनि प्रयोग गर्न सजिलो हुन्छ । त्यसैले ती सामग्रीहरूलाई कक्षाकोठा सजाउन र शिक्षण सिकाई क्रियाकलापमा प्रयोगमा ल्याउन सकिने गरी राखिएको हो भन्ने भनाई पाइयो ।

### ४.१.६ विद्यार्थीको लागि फर्निचरको व्यवस्था

अध्ययनको लागि छनौटमा परेका दुबै विद्यालयमा अध्ययनकर्ताको अवालोकनमा दुबै विद्यालको कक्षा १ को कक्षाकोठामा फर्निचरहरूलाई हटाएर भूईमा बस्ने व्यवस्था मिलाइएको थियो । कोठाको सम्पूर्ण क्षेत्रमा मोटो खालको कारपेट ओछयाएर प्रत्येक विद्यार्थीहरूलाई लेख्न

को लागि भूइमा नै व्यवस्था गरेको पाइयो । विद्यार्थीहरूलाई लेख्नको लागि २ र ३ कक्षाका लागि होचो आयतकार डेस्कको व्यवस्था गरिएको पाइयो । एक कक्षाका विद्यार्थी धेरै साना हुने भएकोले उनिहरू सुतेर लेख्न मन पराउने भएकोले यस्तो व्यवस्था गरेको भन्ने भनाई थियो । सबै विद्यार्थीहरू कक्षामा रमाइलो मानेर खुशीका साथ बसेको देखिन्थे । कक्षाकोठाबाट फर्निचर बसाई व्यवस्थालाई हटाएर भूई बसाई व्यवस्था मिलाउँदा विद्यार्थीहरूलाई विभिन्न आधारमा राखेको शिक्षण क्रियाकलाप संचालन गर्न सजिलो भएको पाइयो ।

## ४.२ वर्ग शिक्षण सिकाई क्रियाकलाप

वर्ग शिक्षण छनौट कसरी गरीएको छ भनी प्र.अ. संग प्रश्न गर्दा वर्ग शिक्षण गर्न विद्यालयमा तालिम प्राप्त, लगनशील, अनुभवी, पेशाप्रती समर्पित महिला शिक्षकलाई छनौट गरेको बताए । आमा वुवाको न्यानो माया ममताबाट टाढिएका बालबालिकालाई आमा वुवाको माया ममता दिलाउनका लागि कक्षा १ को लागि सबैभन्दा राम्रो कक्षाकोठा छुट्याएको छ । कक्षाकोठालाई सिकाई अनुकुल र आकर्षक ढंगले सजाइएको पाइयो । बालबालिका क्रियाकलापमा व्यस्त भएको , बालबालिकाले शैक्षिक सामग्रीसंग खेल्दै सिकाइ रहेको, शिक्षकले आवश्यताअनुसार सहयोग गरेको, बालबालिकाहरूले नियमित रूपमा आफ्नो भनाईहरू शिक्षकसंग राख्न सकेको पाइयो । शिक्षकले कक्षाकोठा भित्र हातमा लठ्ठी नसमातेको र बालबालिकालाई भयरहित वातावरणमा खेल, अभिनय, गित र कथाको माध्यबाट शिक्षण सिकाई क्रियाकलाप संचालन गरेको देखिन्छ । बालबालिकाहरू खुशी र भय रहित भएर हरेक क्रियाकलापमा सक्रिय रूपमा सहभागि भएको देखिन्छ । वर्ग शिक्षण सिकाईमा सबै विद्यार्थीहरूलाई समूह विभाजन गरी जिम्मेवारी दिइएको, समूह शिक्षण सिकाई गरेको र बालबालिकाहरूलाई मनोरञ्जन गराउन चौतारी कार्यक्रम नाम दिएर त्यस कार्य क्रममा गीत गाउन, कथा भन्न, चुटकिला भन्न र नाच्न लगाउने जस्ता क्रियाकलाप गरिएको पाइयो ।

वर्ग शिक्षणका लागि आवश्यक शिक्षण सामग्रीहरू उपलब्ध गराइएको छ भने कक्षा कोठामा भएको सामग्रीहरू प्रयोग गर्न, सुरक्षा गरी ठीक ठाउँमा व्यवस्थित तरीकाले राख्ने काम समेत बालबालिकाबाट नै भएको पाइयो । विद्यालयको आकर्षक कक्षाकोठामा बस्न पाइने, खेल्ने सामग्रीहरू भएको र शिक्षकले धेरै माया गर्ने भएकोले गर्दा नै बालबालिकाहरू कक्षाकोठामा

रमाएर बसेको देखिन्छ । विशेषगरी कक्षा १ को कक्षाकोठा, कक्षा ( २-३) को तुलनामा बढी आकर्षक बनाइएको, शैक्षिक सामग्री र खेलकुदका सामग्री प्रशस्त मात्रमा राखिएको र कक्षाकोठा सफा राखिएको देखिन्छ । वर्ग शिक्षण सिकाईमा शिक्षक र विद्यार्थी खुशी र सन्तुष्ट रहेको पाइयो । वर्ग शिक्षण सिकाई गरी रहेको एक जना शिक्षिकालाई तपाईलाई वर्ग शिक्षण कस्तो लाग्छ ? भनी खुल्ला प्रश्न राख्दा उहाँको भनाई यस प्रकार रहेको पाइयो ।

प्रमिला (नाम परिर्वतन) शुरूमा त वर्ग शिक्षण गर्न गाह्रो लाग्दथ्यो । आतिन्थे,कसरी पढाउने, कुन समयमा के पढाउने भनेर तर अहिले वर्ग शिक्षण सम्वन्धी तालिम पाएपछि मलाई सबै डर, त्रास हराएको छ । अहिले वर्ग शिक्षण गर्नलाई नै रमाइलो लाग्छ । वर्ग शिक्षण सिकाई गर्दा त्यही कक्षाका विद्यार्थी मात्र आफ्नो विद्यार्थी जस्तो लाग्दो रहेछ र विद्यार्थीले पनि मलाई मात्र उनीहरूको शिक्षक सम्फन्छन् । म आफ्नो विद्यार्थीलाई कसरी जान्ने, बुभ्ने बनाउने भनेर दिन रात सोची रहन्छु ।

वर्ग शिक्षकको यस भनाईवाट वर्ग शिक्षणसम्वन्धी तालिम नपाएका शिक्षकलाई वर्ग शिक्षण सिकाई गर्न कठिनाई पर्ने देखिन्छ । वर्ग शिक्षण सिकाई गर्दा विद्यार्थीको सम्बन्ध निकट हुने र शिक्षकमा जिम्मेवारी र दायित्व बोध हुने रहेछ भने तथ्य पत्ता लगाउन सकिन्छ । वर्ग शिक्षण व्यवस्था अपनाइएका सामुदायिक विद्यालयको वातावरणलाई हेर्दा कक्षाकोठामा आकर्षक र सिकाई अनुकुल बनाई सजाइएको, विद्यालयको सबैभन्दा राम्रो कक्षाकोठामा वर्ग शिक्षण सिकाई गराएको, खेल, गीत, कथा, अभिनय, र शैक्षिक सामग्रीको प्रदर्शन आदिको माध्यमबाट शिक्षण सिकाई गरेको पाइयो । सामुदायिक विद्यालयमा वर्ग शिक्षण सिकाईको अवस्था पत्ता लगाउन त्यहाँको शिक्षण सिकाईको शुरूवात, शैक्षिक सामग्रीको प्रयोग, प्रश्न गर्ने शैलि र तरिका, विद्यार्थी मूल्यांकन र समय तालिकाको प्रयोग आदिले महत्वपूर्ण भूमिका खेल्दछ । यी सम्पूर्ण कुराहरूबाट संकलित सूचनाहरूको विश्लेषण र व्याख्या निम्नानुसार गरिएको छ । शिक्षक तथा प्र.अ. को भनाई अनुसार वर्ग शिक्षण सिकाईको एउटा जटिल अवगुण भनेको एक दिन कुनै शिक्षक कक्षामा उपस्थित भएन भने सो दिनको कक्षा विद्यार्थी आफैले संचालन गर्नु पर्ने रहेको पाइयो जसमा कक्षा मोनिटरले कक्षा सचांलन गर्दछ । तर वर्ग शिक्षकले दिने ज्ञान सीप, विषयवस्तु सो दिन विद्यार्थीले प्राप्त गर्न नपाउने र मोनिटरले कक्षा नियत्रण मात्र गर्ने देखियो ।

### ४.२.१ शिक्षण सिकाई-क्रियाकलापको तरिका र विधि

वर्ग शिक्षण सिकाईको अवस्था अध्ययन गर्ने क्रममा नमुना छनौटमा परेका विद्यालयका वर्ग शिक्षकलाई शिक्षण सिकाई गर्दा कुन विधि र तरीका अपनाउनु भएको छ भनी प्रश्न गर्दा वर्ग शिक्षकहरूको धारणा यस्तो रहेको पाइयो । प्रथमिक तह कक्षा (१-३) का साना-साना बालबालिकाको शारीरिक, मानसिक, बौद्धक, संवेगात्मक एवम् मनोबैज्ञानिक पक्षलाई ख्यालमा राखेर विषय वस्तुको प्रकृति र परस्पर आपसी सहमतीका आधारमा विद्यार्थी केन्द्रित विधि अपनाएको छ भन्ने भनाई रहेको छ । यस विधिबाट शिक्षण गर्दा वर्ग शिक्षक भन्दा विद्यार्थीहरू बढी सक्रिय हुने भएकाले यो विधि अपनाइएको पाइयो । जस अन्तर्गत कथा कथन अभिनय, खेल र प्रदशैन विधि अपनाएर शिक्षण सिकाई गर्ने गरेको पाइयो ।

### क) कथाकथन विधि

प्राथमिक तहका बालबालिहरू कथा सुनेपछि हुरूक्क हुने हुनाले पाठ्यवस्तुको प्रकृति र स्वरूप अनुसार विषय वस्तुलाई कथाको माध्यबाट विद्यार्थीहरूलाई बालबालिकाले विषयवस्तुलाई छिट्टै बुझ्ने र सिकाईलाईपनि रोचक बनाउनु, उत्सुकता पैदा गराउनु का साथै उनिहरूमा मौखिक रूपमा व्यक्त गर्ने बानीको विकास गराउँदछ र सिकेको कुरालाई दिगो राख्न मद्धत गर्नुका साथै सिकाईलाई पनि प्रभावकारी बनाउन सकिन्छ भन्ने भनाई वर्ग शिक्षकहरूको रहेको पाईयो ।

### ख) अभिनय विधि

कक्षाकोठाभित्र पाठ्यवस्तुसंग सम्बन्धित पाठलाई शिक्षक र विद्यार्थीहरूले आ-आफ्नो भूमिका निर्वाह गर्ने गरेको देखिन्छ । शिक्षकले आफूले पहिले गर्ने विषयवस्तुलाई सानो नमूनामा प्रदार्शन गरेर देखाई दिने र विद्यार्थीहरू नै बढी प्रोत्साहित गरेर गर्न लगाउने गरेको देखिन्छ । जस्तै मुसो, विरालो, लखेटा लखेटी पाठ पढाउदा पहिले शिक्षक मुसो बनेर एक जना विद्यार्थीलाई विरालो बन्न लगाउने र आफूलाई विरालो लखेटेको बेलामा भाग्न गरेर देखाई दिने र पछि विद्यार्थीलाई सक्रिय रूपमा अभिनय गर्न लगाउने गरेको पाइयो । यस विधिबाट विद्यार्थी

सक्रिय हुने हुनाले सिकाई कार्यमा लाग्छन् भन्ने अर्कोतिर भुमिका स्वंय गर्ने र देख्ने भएकोले पनि सिकाई छिटो र प्रभाावकारी एवम् दिगो र रूचिकार बन्न जान्छ भन्ने कुरा बताएका थिए ।

**ग) प्रदर्शन विधि**

वालवालिकाले सुनेर भन्दा पनि देखेर जानेको कुरा दिगो हुने भएकाले बलबालिलाई पाठ्यबस्तुसँग सम्बन्धित सामग्री वा वस्तुको आधारमा सिकाई गरेमा दिगो वा चिरायु रहन्छ, भन्ने भनाईलाई सार्थकता मानेर त्यसैका आधारमा वर्ग शिक्षण गर्दा पाठ्यवस्तुसंग सम्बन्धित विषय बस्तुको स्वरूपमा र प्रकृतिका आधारमा सम्बन्धित वस्तुलाई भरसक वास्तविक नै र संभव नभएमा चित्रको माध्यबाट अध्ययन अध्यापन गराउदै आएको छौ भन्ने भनाई रहेको पाइयो ।

**घ) खेल विधि**

अध्ययनका लागि छानिएका विद्यालयको कक्षा अवलोकन गर्दा बालबालिलाई पाठ्यवस्तुसँग सम्बन्धित विषयबस्तुलाई विद्यार्थीहरू समक्ष पुऱ्याउनकोलागि खेलको माध्मबाट शिक्षण गरेको पाईयो । प्राथमिक तहका बालबालिहरू खेलप्रति बढी रुची राख्ने हुनाले उनिहरूलाई खेल खेलि खेलको माध्यमकाबाट अध्यापन गराउँदा उनीहरूले नजानी नजानी पाठ्यवस्तु प्रति आर्कषर्ण भएको कुरा शिक्षकले बत्ताए प्राथमिक तहका बालबालिका हरूको उमेर समुह भनैकै खेल्न बढी मन पराउनु र खेलको उमेर हो भनेर मनोविज्ञानले पुष्टि गरेको छ र खेल को माध्यमबाट विषयवस्तुलाई सिकाउदा ज्ञानात्मक पक्षको मात्र विकास नभएर उनिहरूमा व्यवहारिक र अत्तिरिक्त कियाकलाप लगायत शाारीरिक विकासमा पनि उत्तिकै टेवा पुग्नुका साथै यसरी शिक्षण गर्दा विद्यार्थीहरूमा सिकाईको वातावरण सहज बन्ने र एक अर्कामा सहयोगी भावनाको विकासका साथै आपसि सह-सम्बन्ध पनि प्रगाढ बन्न जान्छ भन्ने भनाई कक्षा शिक्षकहरूको रहेको पाइयो ।

### ४.२.२ वर्ग शिक्षणमा सुरुको क्रियाकलाप

अध्ययनको लागि नमूना छनौटमा परेका दुबै विद्यालयको कक्षा अवलोकन गर्दा शिक्षकहरूले कक्षाकोठामा प्रवेश गर्न साथ शिक्षणको विषयवस्तुमा प्रवेश गर्नु भन्दा अगाडि विद्यार्थीहरूसँग केहि चुटकिला सुनाउने, गीत गाउने, नाच्ने, कथा भन्न लगाएर पूर्वपाठको समीक्षा गराउँदै विद्यार्थीहरूको ध्यान आफूप्रति केन्द्रित गराएको पाइयो । विद्यार्थीहरू पूर्ण रूपमा सिकाईका लागि सर्तक र तयारी अवस्थामा आएपछि विस्तारै विषयवस्तुप्रति प्रवेश गरेको देखियो । बालबालिकाले पढ्न नचाहेको अवस्थामा जबरजस्त पाठ पढाईएको पाईएको छैन । उनिहरूको रूचि र आवश्यकता लाई ध्यानमा राखेर नै विषयवस्तुमा केन्द्रित गर्दा शिक्षणकार्यलाई मनोरञ्जनात्मक वातावरण तयार पारेको पाइयो । वर्ग शिक्षण पूर्ण रूपमा बालकेन्द्रित गरीएको, कथन, गीत, खेलका माध्यमबाट अप्रत्यक्ष रूपमा सिकाई हासिल गर्ने व्यवस्था भएको पाइएको छ । शिक्षण सिकाई क्रियाकलापको संचालन शिक्षकको रूचि र आवश्यकतामा भन्दा पनि विद्यार्थीहरूको रूचि र आवश्यकतामा केन्द्रित भएको देखिन्छ । शिक्षण सिकाई क्रियाकलाप संचालन भएको बेलामा विद्यार्थीहरूले दिक्क र अल्छी मानेमा र ध्यान नदिएको अवस्था आउनासाथ विश्राम दिने र चुटकिला सुनाउने र सुन्न, गीत गाउने, गाउन लगाउने, नाच्न लगाउने जस्ता क्रियाकलाप विद्यार्थीहरूलाई पनि गर्न लगाउने शिक्षक आफै पनि गर्ने जस्ता क्रियाकलाप गरेर सबैलाई सक्रिय रूपमा सहभागि गराएको पाइयो ।

### ४.२.३ कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग

अध्ययनकर्ताबाट स्थलगत अध्ययनको क्रममा शैक्षिक सामग्रीको प्रयोग सम्बन्धमा अध्ययनको क्षेत्रमा परेका दुबै विद्यालयहरूमा कक्षा अवलोकन गर्दा स्थानीय स्तरमा प्राप्त हुन सक्ने सामग्री र तयारी अवस्थामा खरीद गरेर ल्याएका सामग्रीको प्रयोग न्यून रूपमा हुने गरेको पाइएको छ । विद्यार्थी आफैले खरीद गरेर ल्याएको सामग्री प्रति शिक्षक विद्यार्थीहरू दुबै पक्षको आकर्षण बढी रहेको पाइएको छ । विद्यालयमा विद्यार्थी र शिक्षकबाट निर्माण गरिएका कागजबाट बनेका शैक्षिक सामग्रीलाई विषयवस्तुसँग सम्बन्धित सामग्रीहरूलाई प्रयोग गरीसकेपछि त्यसलाई झिकेर फायलमा राख्ने र त्यही ठाँउमा फेरी नयाँ शैक्षिक सामग्रीहरू

राख्ने व्यवस्था अवलोकनबाट पत्ता लगाइएको छ । स्थानिय रूपमा प्राप्त गरिएका मकै, सिमि, भटमास, चना, सिन्का लाई बराबर संख्याको मुठ्ठा बनाएर रबरले बाँधेर राखेको पाइयो ।

तयारी अवस्थामा ठोस शैक्षिक सामग्रीहरू आवश्यक मात्रामा कक्षाकोठामा देखिन्थ्यो विद्यालयले आफै खरीद गरेका र संघ संस्थाबाट प्राप्त भएको यस प्रकारका शैक्षिक सामग्रीलाई चाहिएको बेलामा प्रयोग गर्न सकिने काठको र्‍याकमा व्यवस्थित तरीकाले राखिएको पाइयो । दुबै विद्यालयका शैक्षिक सामग्रीहरू प्रयोग गर्न अनिवार्य छ भनी प्रश्न गर्दा सुनेका कुरा विर्सन्छ, देखेका कुरा सम्झिन सकिन्छ भने आफै संलग्न भएर गरेका कुराहरू बुझिन्छ र स्थायी हुन्छन । सिकाई प्रक्रियालाई सरल स्पस्ट एवम् रोचक तुल्याउन शैक्षिक सामग्रीको प्रयोग अनिर्वाय, आवश्यक र महत्वपूर्ण छ भनी शिक्षण सिकाईमा विद्यार्थीलाई प्रत्यक्ष सहभागी बनाउन सहयोग गर्दछ भन्ने धारणा रहेको पाइयो ।

शैक्षिक सामग्रीको प्रयोग विद्यार्थी शिक्षक दुबै पक्षको सहभागिता भएको पाइन्छ । समूह-समूहमा उपलब्ध गराइएको शैक्षिक सामग्रीहरूको प्रयोग गर्दै विद्यार्थीहरू क्रियाकलप गर्नमा व्यस्त देखिन्थे । समय-समयमा शिक्षकबाट सो सामग्रीहरू प्रयोग गर्न सल्लाह र सहयोग प्रत्येक समूहमा पुगेर प्रदान गर्ने  गरेको पाइएको छ । शिक्षणलाई व्याख्यान विधिमा सिमित पारी शिक्षण सिकाई क्रियाकलाप संचालन गर्दा सिकाई को हिसावले ज्यादै कम तर शिक्षण सँगसँगै प्रर्याप्त उपयोगि शैक्षिक सामग्रीको प्रयोग गर्दा विद्यार्थीहरू सिकाईप्रति रूचि जगाई सिक्न अभिप्रेरित भई आफै संलग्न भएर सामस्याको सामाधान खोज्न अग्रसर हुन पर्दछ । यसले शिक्षण एवम स्वतन्त्र सिकाईमा सहयोग पुर्‍याउँछ । अहिलेको विज्ञान र प्रविधिको चरमोत्कर्षमा पुगेको यस युगको माग भनेको शिक्षण सिकाईमा शैक्षिक सामग्रीको पर्याप्त प्रयोगबाट शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीहरूलाई प्रत्यक्ष रूपमा सहभागि बनाई उनीहरूको आफ्नो प्रयाासबाट सम्बन्धित विषयबस्तुको धारणालाई सामान्यीकरण गरी प्रयोग गर्न सकुन भन्ने अभिप्रयाको प्रयोग गरेर मात्र शिक्षण सिकाई गर्नुपर्दछ भन्ने जस्ता सुझावहरू वर्ग शिक्षकले दिएका थिए ।

### ४.२.४ विद्यार्थीलाई प्रश्न गर्ने शैलि र तरिका

अध्ययन क्षेत्रमा परेका दुबै विद्यालयका वर्ग शिक्षण गर्ने शिक्षकहरूको वर्ग शिक्षण सिकाईको समयमा प्रश्न गर्ने शैलि र तरीका सम्बन्धि धारणा बुझ्नका लागि तयार पारिएका प्रश्नावली र कक्षा अवलोकनको आधारमा दिइएको प्रतिक्रियालाई ब्याख्या गरिन्छ ।

बालबालिकाहरु अध्ययन गराउँदा कस्तो शैलिका प्रश्न राख्नु हुन्छ भनी प्रश्न गर्दा शिक्षकहरूले शैक्षिक सामग्रीका साथ विभिन्न विधि जस्ता कथा विधि, अभिनय विधि, खेलविधिको आधारमा शिक्षण सिकाई गरेको र साथ-साथै प्रश्नपनि गर्दै अध्ययनलाई अगाडी बढाएको पाइयो । विद्यार्थीहरूलाई तिमीहरूलाई सोध्छु आएन भने पिटछु भन्ने त्रास नदेखाई मायालु पाराले नम्रस्वरमा विद्यार्थीहरूको थाहाँ नपाई प्रश्न गरेको पाइयो जस्तै गाईको पाठ पठाउदा गाईको चित्र भित्तामा टाँसेर यो गाई हो । यसको यि खुट्टा हुन । यि यसको सिंग हो, यो पुच्छर हो भनेर पहिले आफूले भनिदिने र अब समूहमा सबैलाई यो के के को चित्र हो ? भन त यसका कतिवटा खुट्टा छन् । बताउ त यसका सिंग कतिवटा छन् भन त भनि प्रश्न गर्ने र व्यक्तिगत उत्तर वोर्डमा टिप्ने र केही समयपछि सही भने स्वयासी र गलत भने फेरी अर्को विद्यार्थीलाई भन्न लगाउने, उसले पनि गलत जवाफ दिएमा आफूले सही जवाफ भनिदिने गरेको दखियो । यसरी नै कथा, कविता भन्दापनि विचविचमा बालबालिकाहरूले थाहा् नपाई प्रश्न गर्ने सही जवाफ लिन प्रयास गरेको पाइयो ।

त्यसरी नै विद्यार्थीहरूले प्रश्न गर्न आवश्यक छ भनी वर्ग शिक्षकहरूलाई प्रश्न गर्दा प्रत्येक प्रश्नले विद्यार्थीका विभिन्न सीपहरूको विकास गर्छ जस्तै विचार गर्ने क्षमताको विकास गर्छ, समस्या समाधान गर्ने क्षमताको विकास गर्छ, नयाँ कुरा सिक्न जान्न र सिकेका कुराहरू अर्थपूर्ण बनाउन तर्क गर्ने शक्तिको विकास गर्ने र आफूले गरेको प्रश्नमाथि प्रश्न गर्न हौसला बढाउनुका साथै पढाएको कति सफलभयो आफूलाई जन्न सहयोग पुऱ्याउँछ भन्ने धारणा रहेको पाइयो ।

### ४.२.५ विद्यार्थी मूल्यांकन

विद्यार्थी मूल्यांकनका सम्बन्धमा छनौटमा परेका दुबै विद्यालयमा शिक्षण सिकाई गर्ने शिक्षकहरूलाई विद्यार्थी मूल्यांकन कसरी र कुन विधि अपनाएर गर्नुहुन्छ । भनी प्रश्न गर्दा दुबै

विद्यालयमा निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीको प्रयोग गरिएको पाइयो । पाठ्यक्रमले तोके अनुसारको सिकाई उपलब्धि हासिल भए नभएको । शिक्षण सिकाई कतिहद सम्म प्रभाबकारी भयो कि भएन भनी यकीन गर्न व्यवस्था भएको देखिन्छ । निरन्तर विद्यार्थी मूल्यांकनका उपाय अपनाएर समस्याको पहिचान गर्ने र सुधारात्मक उपाय अपनाउने कार्यको अभ्यास भएको पाइन्छ । विद्यार्थीहरूको प्रगति मूल्यांकन गरी निरन्तर अन्तिममा आएर मात्र गराउने परिपाटी भएको पाइन्छ । निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली अपनाइए तापनि शिक्षकहरूले आफ्नो अनुकुल समयमा मात्र मूल्याकन गर्ने गरेको देखिन्छ । मूल्यांकन गरी सुधारको लागि शिक्षकमात्रका लागि भएको तर अभिभावकलाई समयमै जानकारी गराएर सुधारका लागि संयुक्त प्रयास नगरेको पाइएको छ ।

प्र.अ. लाई वर्ग शिक्षणमा विद्यार्थीहरूको उपलब्धि कसरी मापन गर्ने गरेको छ भनि प्रश्न गर्दा शैक्षिक जनशक्ति विकास केन्द्र (२०६४) का अनुसार विद्यार्थीहरूलाई उनीहरूको सिकाईमा प्रगती गराउन वर्षको दुई वा तीन पटक परीक्षा लिई उत्तीण/अनुत्तीण घोषणा गर्नुको सट्टामा प्रत्येक शैक्षिक सत्रको शुरूदेखि अन्तसम्म नै विभिन्न विधिहरू प्रयोग गरी क्रमिक रूपमा निरन्तर मूल्यांकन गर्न उपयुक्त हुन्छ भन्ने परिपाटी आएको छ । त्यसैलाई आधार मानेर निर्णयात्मक मूल्यांकनको  सट्टामा निरन्तर मूल्यांकनका साथै अवलोकन श्रेणीमापन, घटनावृत अभिलेख, संचित अभिलेख, रूजु सुची आदि साधन अपनाएर मूल्यांकन गर्ने गरेको वताए । विद्यार्थीहरूलाई पास फेल भनेर शैक्षिक सत्रको अन्त्यमा घोषणा गर्ने भन्दा शैक्षिक सत्रभित्र विभिन्न साधन अपनाएर मूल्यांकन गर्नु आवश्यक छ भनी शिक्षकहरूलाई प्रश्नगर्दा उनीहरूको भनाई यस्तो पाइयो । विद्यार्थीको कमी कमजोरी थाहा पाई सुधार गर्न विद्यार्थीलाई पास फेल निर्धारण गर्न, उनीहरूको सिकाईलाई टेवा पुऱ्याउनका साथै पाठ्यक्रम लेखा जोखा गर्न आवश्यक मूल्यांकन गर्ने तरीकामा मौखिक प्रश्न गरेर लिखित प्रश्न गरेर, अवलोकन गरेर, गृहकार्य र कक्षाकार्य दिएर चेकलिष्ट गरेर र अभिलेख राखेर गर्ने गरेको बताए ।

**४.२.६ शिक्षण समय तालिकाको व्यवस्थापन**

विद्यार्थीको वर्ग शिक्षण गर्ने वर्ग शिक्षकलाई समय तालिका आफै निर्माण गर्नुहुन्छ कि प्र.अ को आधारमा निर्माण गर्नुहुन्छ भनी गरिएको प्रश्नमा दुबै विद्यालयमा प्राथमिक वर्ग

शिक्षकहरूको समय तालिका निर्माण गर्दा पाठ्यक्रममा तोकिएको पाठ्यभार लाई ध्यान मा राखेर निर्धारित उद्देश्यलाई पूरा गर्न हामी आफै आफ्नो समय तालिका निर्माण गर्छौं भन्ने कुरा बताएका थिए । एउटै कक्षामा दिनभरी बस्नुपर्ने भएकाले विद्यार्थीहरूको चाहना र आवश्यकतालाई ध्यानमा राखेर समय तालिका निर्माण गनुपर्छ भन्ने सुझाव वर्ग शिक्षकहरूको रहेको छ ।

**वर्ग शिक्षणको लागि कार्य तालिकाको नमूना**

| घन्टी | | पहिलो | दोश्रो | विश्राम | तेश्रो | चौथो | खाजा | पाँचौ | छैटौ |
|---|---|---|---|---|---|---|---|---|---|
| वार | १०-१०.५० | १०.५०-११.०० | ११.००-११.४५ | ११.४५-१२.०० | १२.०० - १२.४५ | १२.४५ -१.३० | १.३० - २.०० | २.००-२.४५ | २.४५-३.०० |
| आइतवार | | नेपाली वो.सु | अंग्रेजी | | गणित | गणित | | सेरोफेरो | सिर्जनात्मक |
| सोमवार | | गणित | गणित | | सेरोफेरो | नेपाली वो.सु | | नेपाली | शारीरिक |
| मंगलवार | | गणित | अंग्रेजी | | सिर्जनात्मक | | | सेरोफेरो | शारीरिक |
| बुधवार | | नेपाली वो.सु | नेपाली ले | | अंग्रेजी | सेरोफेरो | | गणित | गणित |
| विहिवार | | सेरोफेरो | सिर्जनात्मक | | नेपाली प. ले | अंग्रेजी | | गणित | शारीरिक |
| शुक्रवार | | नेपाली ले | अंग्रेजी | | सेरोफेरो | शारीरिक | | | |

*स्रोत : विद्यालय अभिलेख, २०६९*

प्रा.वि. तहका विद्यार्थीहरू साना-साना र चन्चले स्वभावका हुनाले उनीहरू एकै ठाउमा लामो समयसम्म स्थिर रहन नसक्ने हुँदा प्रत्येक दुई घंन्टी पछि विश्राम दिइएको छ र

विद्यार्थीहरूलाई मनोरञ्जन प्रदान गराउनको लागि शारिरीक शिक्षालाई दिनको अन्तयमा राखिएको वताउँछन भन्ने यो समय तालिका प्रायः जसो कार्य तालिका हामीहरू आफैले नै बनाउने हुनाले विद्यार्थीको चाहना र आवश्यकता अनुसार यसमा हेरफेर पनि गर्न सकिन्छ भनी बताएका थिए ।

## ४.३ वर्ग शिक्षणलाई प्रभावकारी बनाउने उपायहरु

वर्ग शिक्षण व्यवस्थापनलाई अझ बढी व्यवस्थित र प्रभावकारी बनाउनको लागि अब के कस्ता क्रियाकलाप गर्नु पर्दछ भन्ने सन्दर्भमा कक्षा शिक्षक र प्र.अ. सँगको खुल्ला प्रश्नावली र असंरचित अन्तर्वाताका आधारमा वर्ग शिक्षण को पूर्व तयारी, शिक्षक तालिम, कक्षागत आमा भेला, शिक्षण क्रियाकलाप, शैक्षिक सामग्रीको प्रयोग, शिक्षकको व्यवहार, विद्यार्थी बसाई व्यवस्थापन र विद्यर्थी मूल्यांकन आदिको प्राप्त सुचनालाई व्यवख्या र विश्लेषण गरिएको छ ।

### ४.३.१ वर्ग शिक्षणको पूर्व तयारी

नमूना छनोटमा परेका दुबै सामुदायिक विद्यालयका प्राथमिक विद्यालयमा वर्ग शिक्षणलाई अझ बढी व्यवस्थित र प्रभाबकारी बनाउन के कस्तो पूर्व तयारी गर्नुपर्दछ भनी प्र.अ. र वर्ग शिक्षकलाई खुल्ला प्रश्नावली र असंरचित अन्तर्वाता गरिएको थियो जसबाट प्राप्त भएको सुझावहरू :

क) वर्ग शिक्षण लागु गर्नको लागि कक्षा संख्या र शिक्षक संख्या बाराबरी हुनुपर्दछ ।

ख) एउटा कक्षामा विद्यार्थी संख्या २५ देखि ३० जना सम्म राख्नु पर्दछ ।

ग) कक्षा संख्याको तुलनामा शिक्षक संख्या कम भएका विद्यालयहरूको शिक्षक संख्या पूरा गरेर मात्र वर्ग शिक्षण लागु गर्नुपर्ने ।

घ) वर्ग शिक्षणको लागि पर्याप्त मात्रामा शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने ।

ङ) वर्ग शिक्षणको लागि अनुभवी, तालिम प्राप्त, लगनशील महिला शिक्षकलाई प्राथमिता दिनुपर्ने ।

च) स्थानीय स्तरमा प्राप्त हुने सामग्रीको निर्माण तथा प्रयोग गर्नेबारे शिक्षकलाई तालिम दिनु पर्ने ।

छ) शिक्षक केन्द्रित विधिको सट्टा बालकेन्द्रित विधि अपनाई शिक्षण सिकाई क्रियाकलाप गर्नुपर्ने ।

ज) शिक्षण सिकाई क्रियाकलाप संचालन गर्दा सधैं एउटै विधिको प्रयोगबाट शिक्षण सिकाई नगरी विविध शिक्षणविधिको प्रयोग गर्नुपर्ने ।

झ) कक्षाकोठाको व्यवस्थामा समयसमयमा फेरबदल गरी परिवर्त्तन ल्याउनुपर्दछ ।

ञ) शिक्षकले आफू अनुपस्थित हुँदाको अबधिको लागि कार्ययोजना तयार पारेर छोड्नु पर्दछ ।

ट) वर्ग शिक्षक अनुपस्थित हुँदा विद्यार्थीहरूमध्येबाट मोनिटर/समूहनेताको छनोट गरी विविध क्रियाकलापमा संलग्न गराउने वानी बसाल्नु पर्दछ ।

यस सुझावहरू वा भनाईहरूबाट वर्ग शिक्षण गर्नको लागि माथिका कार्य पूरा गराउन सकेमा वर्ग शिक्षण गर्दै गरेका र गर्न तयार रहेका विद्यालयहरू सचेत रहेमा वर्ग शिक्षण प्रभावकारी र व्यवस्थित बनाउनमा दुईमत नहोला ।

**४.३.२ शिक्षक तालिमको आवश्यकता**

वर्ग शिक्षण व्यवस्थालाई व्यवस्थित र प्रभावकारी रूपमा संचालन गर्नको लागि वर्ग शिक्षक बालमनोविज्ञान, बालमैत्री, बालअधिकार, हिसारहित शिक्षण, बालकेन्द्रित सिकाई सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्ने भनाई प्र.अ. को रहेको थियो वर्ग शिक्षण सिकाई गर्न चाहने शिक्षकलाई मात्र गर्नुपर्ने व्यवस्था हुनुपर्ने भनाई रहेको थियो । वर्ग शिक्षणका लागि पाएको तालिमलाई शिक्षकले कक्षाकोठामा प्रयोग गरे नगरेको नियमित रूपमा अनुगमन गरी पृष्ठपोषण दिने व्यवस्था मिलाउन विद्यालय निरिक्षक, स्रोत व्यक्ति, व्यवस्थापन समिति र अभिभावकलाई जिम्मेवारी दिइनु पर्ने धारणा प्र.अ. ले व्यक्त गर्नु भयो ।

शिक्षकहरूले तालिम पाएका सीपलाई कक्षा कोठामा प्रयोग गर्दा आइपरेका समस्या समाधान गर्नको लागि समय-समयमा २ देखि ३ दिनसम्मको पुनर्ताजगी तालिम स्रोत केन्द्र स्तरमा नै प्रदान गर्ने व्यवस्था गर्नुपर्ने भन्ने धारणा वर्ग शिक्षकहरूको रहेको दखिन्छ ।

### ४.३.३ कक्षागत आमा भेला र छलफल

बालबालिकाको वास्तविक अवस्था अवगत गराएर सुधारात्मक उपाय अपनाउन कक्षागत रूपमा कम्तिमा तीन महिनामा एक पटक प्र.अ. को सहयोग लिएर कक्षा शिक्षकले कक्षागत आमा भेला गर्नुपर्दछ भन्ने विचार वर्ग शिक्षकहरूको रहेको पाइन्छ । कक्षागत आमाभेला गर्न थालेपछिको आफ्नो अनुभव वर्ग शिक्षकले यसरी वताएका थिए । उर्मिला (नाम परिर्वतन) बालबालिकाहरू सरसफाई नगरी आउने, कपी कलम नलिई आउने र कतिपय विद्यार्थी खाना नखाईकन विद्यालय आउने जस्ता समस्याले मलाई कक्षा संचालन गर्नमा कठिनाई पर्‍यो । मैले प्र.अ. सँग सल्लाह गरेर मेरो कक्षाका सबै बालबालिकाहरूको आमाभेला गराएँ । बालबालिकाहरूको राम्रो कुरालाई पहिले र सुधार गर्नुपर्ने कुरालाई पछि भने जसले गर्दा सबै आमाहरूले आफ्नो बालबालिलाई सरसफाई गरेर, समयमा नै खाना खुवाएर, कापी  कलम, किताव झोलमा राखेर, दिउँसोको लागि खाजा समेत पठाउने गरेका छन् । अहिले म समय समयमा आमाहरूलाई बोलाएर बालबालिकाको वास्तविक अवस्थाको जानकारी गराउँछु र आमाहरू आफ्नो छोरा-छोरीको अवस्था बुझ्न अरू समयमा पनि आफ्ना बच्चालाई भेट गर्न आउनु हुन्छ । कक्षागत आमाभेला गराएर आफ्नो बालबालिकाको वास्तविक अवस्थाको जानकारी निरनन्तर रूपमा गराउनु पर्ने वर्ग शिक्षकहरूको सुझाव रहेको पाइन्छ । बालबालिकाको सबै आवश्यकता वर्ग शिक्षकबाट मात्र पूरा  गर्न नसक्ने भएकाले कक्षागत आमाभेला गराइ वर्ग शिक्षण व्यवस्थालाई प्रभावकारी बनाउन सकिन्छ भन्ने धारणा पाइयो ।

### ४.३.४ शिक्षण क्रियाकलापमा सबैलाई समान अवसर

वर्ग शिक्षण सिकाई क्रियाकलाप संचालन गर्दा बालबालिकाको रुची, क्षमता र आवश्यकतालाई ध्यान दिनुपर्दछ भन्ने बिचार वर्ग शिक्षकबाट व्यक्ति भएको थियो । सबै बालबालिकाले क्रियाकलापमा भाग लिन पाउने अवसरको सुनिश्चित हुनुपर्ने र क्रियाकलाप मनोरन्जनात्मक हुनुपर्छ भन्ने भनाई रहेको छ । वर्ग शिक्षणमा विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी शैक्षिक सामग्रीसँग खेल्दै सिक्ने अवसर प्रदान गर्दा वर्ग शिक्षण सिकाई प्रभावकारी बनाउन सकिन्छ भन्ने धारणा वर्ग शिक्षकको रहेको पाइन्छ । शिक्षण क्रियाकलापका लागि वातावरण तयार पर्ने र आवश्यकता अनुसार सहयोग गर्ने भुमिकामा वर्ग शिक्षण सिकाई

लाई प्रभावकारी वनाउन शिक्षण क्रियाकलाप बालकेन्द्रित, मनोरन्जनात्मक, बालबालिकाको रूचि, इच्छा र आवश्यकता अनुसार संचालन गर्न सकेमा वर्ग शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ भन्ने भनाई वर्ग शिक्षक र प्र.अ. को रहेको थियो ।

### ४.३.५ शैक्षिक सामग्रीको निर्माण र प्रभावकारी प्रयोग

अध्ययनको क्रममा वर्ग शिक्षणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भनी वर्ग शिक्षक र प्र.अ. सँग लिइएको अन्तर्वार्ताबाट प्राप्त सूचना यस प्रकार रहेको छ । बालबालिबकाहरू खेलेर, गरेर, छोएर, हेरेर सिक्न रूचाउने हुनाले यस किसिमको अवसर प्रदान गर्नको लागि पर्याप्त मात्रामा शैक्षिक सामग्रीको प्रयोग गरि शिक्षण गर्नुपर्दछ र ती शैक्षिक सामग्रीहरू विद्यार्थी निर्मित, शिक्षक निर्मित, संकलित र बजारबाट खरीद गरी ल्याउनु पर्दछ । विषयवस्तुको प्रकृति र स्वरूप अनुसार प्रयोग गरेर शिक्षण क्रियाकलाप गरेर वर्ग शिक्षण सिकाईलाई प्रभावकारी बनाउन सकिन्छ भन्ने धारणा प्र.अ. को थियो । बालबालिकाहरूले बजारमा खरीद गर्न पाइने शैक्षिक सामग्रीलाई बढी रूचाउने र प्रयोग गर्नको लागि आकर्षित भएको पाइएकोले उनीहरूलाई सिकाईप्रति प्रेरित गर्न बजारमा खरीद गर्न पाइने शैक्षिक सामग्रीको प्रयोग गरेमा वर्ग शिक्षण सिकाई प्रभावकारी हुने सुझाव वर्ग शिक्षणको रहेको पाइयो ।

प्र.अ. र वर्ग शिक्षकले दिइएको तथ्याङ्कको आधारमा वर्ग शिक्षण सिकाईलाई प्रभावकारी बनाउन शैक्षिक सामग्रीको प्रयोग प्रर्याप्त मात्रामा गर्नुपर्ने देखिन्छ भने शिक्षक निर्मित, विद्यार्थी निर्मित र संकलित सामग्रीले भन्दा बजारमा खरीद गर्ने गरेको शिक्षक तथा प्र.अ.ले बताए । स्थानिय रूपमा निर्माण गर्न सक्ने सामग्रीहरूको उपस्थित न्यून पाइयो । कारण शिक्षक तथा विद्यार्थीहरूमा सामग्रीबारे तालिम नपाएका र बजारबाट खरिद गरेर ल्याएको शैक्षिक सामग्रीले विद्यार्थीलाई सिकाईप्रति उत्प्रेरित गर्न सकिन्छ र वर्ग शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ भन्ने धारणा प्र.अ. र वर्ग शिक्षकको रहेको थियो ।

### ४.३.६ विभेदरहित र समान किसिमको शिक्षकको व्यवहार

वर्ग शिक्षणलाई प्रभावकारी बनाउनको लागि कक्षा शिक्षकले विद्यार्थीहरूसँग गर्ने व्यवहारले पनि ठूलो भूमिका खेल्दछ भन्ने धारणा प्र.अ. को रहेको छ जुन व्यवहारहरू यस प्रकार छन् ।

क) विद्यार्थीहरूलाई शारीरिक र मानसिक दण्ड नदिने ।

ख) शिक्षकले विद्यार्थीलाई जाति, लिङ्ग, वर्ण, धनि, गरिव, जान्ने, कमजोरको आधारमा भेदभाव नगर्ने ।

ग) विद्यार्थीहरूका व्यक्तिगत समस्याहरूको पहिचान गरि समाधानको लागि निरन्तर लागि रहनु पर्ने

घं) कक्षाकोठामा भाषिक कठिनाईमा परेका र कमजोर विद्यार्थीलाई बढी ध्यान दिनपर्ने ।

ङ) शिक्षकले बालबालिकालाई बालमैत्रीपूर्ण व्यवहार गर्नुपर्ने ।

च) शिक्षकले आफूलाई बालबालिकाको असल मित्रको रूपमा प्रस्तुत गर्न सक्नुपर्ने ।

वर्ग शिक्षणलाई प्रभावकारी बनाउन कक्षा शिक्षकको व्यवहारको महत्वपूर्ण भुमिका खेल्ने भएकोले शिक्षकले भेदभाव रहित, दण्डरहित, सहयोगी र मित्रवत व्यवहार गर्नुपर्ने र बालबालिलाई कक्षाकोठामा भए डर, त्रास र खतरामुक्त गराउन शिक्षकको व्यवहारले वर्ग शिक्षण सिकाईलाई प्रभावकारी बनाउन ठूलो महत्व रहन्छ भन्ने सुझाव प्र.अ. को खुल्ला प्रश्नावली र असंरचित अन्तर्वार्ताबाट प्राप्त भएको छ ।

### ४.३.७ उपयुक्त विद्यार्थी बसाई व्यवस्थापन

वर्ग शिक्षण सिकाईलाई प्रभावकारी गर्न विद्यार्थी व्यवस्थापनको पनिमहत्वपूर्ण भुमिका रहने कुरा वर्ग शिक्षक र प्र.अ. को अन्तरर्वार्ता र प्रश्नावलीबाट प्राप्त सुझाव निम्न अनुसार रहेको  पाइयो ।

क) कक्षा कोठामा समूह क्रियाकलाप गर्न सजिलो बनाउन फर्निचर र बसाई व्यवस्थालाई हटाएर भुईमा वस्ने व्यवस्था गर्नुपर्ने ।

ख) विद्यार्थीलाई कक्षाकोठामा सुकुल गुन्द्री वा कार्पेट ओछयाएर बस्ने व्यवस्था गरेमा उपयुक्त हुने छ ।

ग) विद्यार्थीलाई लेख्न र पढ्न सजिलो बनाउनको लागि होचो र सजिलै लेख्न मिल्ने खालको आयतकार डेस्कको व्यवस्था गर्नुपर्ने ।

घ) विद्यार्थीलाई विभिन्न समूहमा बस्ने व्यवस्था मिलाउनु पर्ने ।

वर्ग शिक्षण सिकाईलाई प्रभावकारी बनाउन फर्निचर व्यवस्थालाई हटाएर भूइमा समूह बनाई व्यवस्थित गर्नुपर्ने र विद्यार्थीले कक्षाकोठामा सुरक्षित भएर सहज तरीकाले बस्न पाउने व्यवस्था मिलाएमा वर्ग शिक्षण सिकाई प्रभावकारी बनाउन सकिन्छ भन्ने सिद्धान्त प्र.अ. र वर्ग शिक्षकको रहेको थियो ।

### ४.३.८ उपयुक्त विद्यार्थी मूल्यांकन

वर्ग शिक्षण व्यवस्थालाई अझ प्रभावकारी बनाउन विद्यार्थी मूल्यांकनलाई सहि, व्यवस्थित र प्रभावकारी बनाउनु पर्ने सुझाव प्र.अ. र वर्ग शिक्षकको रहेको पाइन्छ । जसलाई तल उल्लेख गरिएको छ ।

क) पाठ्यक्रममा तोकिएका सिकाई उपलब्धिलाई आधार मानेर पाठ सकिनासाथ मूल्यांकन गरि अभिलेख राख्ने ।

ख) पाठ्यक्रमले तोके अनुसार उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीको समस्या पहिचान गरी सुधारात्मक उपाय अपनाउने ।

ग) विद्यार्थीको संवेग घराना र सिर्जनाशिलताको छुट्टै अभिलेख तयार गर्नुपर्ने ।

घ) विद्यार्थीको नियमितता, कक्षाकार्य, गृहकार्य, व्यवहारीक परिवर्तनलाई समेत मूल्याकनको आधार मान्नु पर्ने ।

ङ) विद्यार्थी मुल्यांकनलाई समस्या पहिचान गर्ने र उपचारात्मक उपाय अपनाउने प्रक्रियाको रूपमा लिनुपर्ने ।

च) अभिभावकहरूलाई विद्यार्थीको मूल्यांकन गरेर प्रगतिको विवरण नियमित रूपमा उपलब्ध गराउने ।

छ) विद्यार्थीले पाठ्यक्रमले तोकेको सिकाई उपलब्धि हासिल गरे/ नगरेको मूल्याकन बालमैत्रीपूर्ण वातावरण भएकको अवस्थामा मात्र गर्नुपर्ने ।

वर्ग शिक्षण व्यवस्थालाई प्रभावकारी बनाउन निर्णयात्मक मूल्यांकन गर्नुभन्दा निरन्तर मूल्यांकनमा जोड दिने पाठ्यक्रमले तोकेको सिकाई उपलब्धिका साथै नियमितता, कक्षा कार्य, गृहकार्य, व्यवहारिक परिवर्तन , संवेग, घटना अभिलेख, रूजुसुची आदिबाट मूल्यांकन गरी कक्षा चढाउने व्यवस्था गरेमा वर्ग शिक्षण लाई अझ प्रभावकारी बनाउन सकिन्छ भन्ने सुझाव दिइएका छन् । दुबै विद्यालयका प्र.अ., वर्ग शिक्षकहरूले र वर्ग शिक्षणबाट प्राप्त सुचनालाई (अनुसूची ७) मा राखिएको छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१ प्राप्ति

वर्ग शिक्षणको प्रभावकारीता शोध शिर्षक राखिएको यस अध्ययनमा वर्ग शिक्षणमा कक्षाकोठाको व्यवस्थापनको अवस्था पत्ता लगाउने, वर्ग शिक्षणमा गरिने शिक्षण सिकाई क्रियाकलापको विश्लेषण गर्ने, वर्ग शिक्षणको अवस्थालाई प्रभावकारी बनाउने उपायहरूको खोजी गर्ने जस्ता प्रमुख उद्देश्यहरु राखेर शोध अध्ययन अघि बढाउने क्रममा मोरङ् जिल्लाको बरडंगा स्रोत केन्द्रमा अवस्थित दुइवटा सामुदायिक विद्यालयको कक्षा (१-३) मा वर्ग शिक्षणको प्रभावकारीताको उद्देश्यहरू प्राप्त गर्नका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापक ,वर्ग शिक्षक र विद्यार्थीहरूबाट प्राप्त सूचनाको विश्लेषणको आधारमा विभिन्न तथ्यहरू प्राप्त भएका छन् ।

अध्ययनको छनौटमा परेका दुबै विद्यालयको कक्षकोठा सफा भएको र कक्षाकोठामा फोहोर संकलन गर्ने भाडाँ राखेको पाइयो । कक्षाकोठाको सरसफाईमा शिक्षकको समेत सहभागिता रहने गरेको विद्यार्थीको संख्या कक्षाकोठाको आकार अनुसार यू आकार सी. आकार, गोलाकार र एल आकारमा फर्निचरलाई मिलाएको पाइयो । विद्यालयमा तयारी अवस्थामा ठोस शैक्षिक सामग्रीहरुलाई शिक्षक विद्यार्थी दुबैले प्रयोग गर्न सक्ने गरी काठको ऱ्याकमा राखिएको तथा कागजबाट बनेको सामग्री भित्तामा डोरीले च्यापेर झुण्डयाइएको पाइयो । कक्षाकोठाको भित्ताहरूलाई विषय कुना बनाई त्यस विषयसँग सम्बन्धित चित्र चार्ट, तस्विरलाई झुण्डयाएर सिकाई अनुकुल बनाई विद्यार्थी र शिक्षक निर्मित तथा वजारबाट ल्याएका सामग्रीबाट कक्षाकोठालाई आकर्षक रूपमा सजाईएको पाइयो । शिक्षकले मात्र सोतोपाटिको प्रयोग गर्ने अवस्थाको अन्त्य गर्दै विद्यार्थीहरूले पनि सेतो पाटीमा लेख्दै सिक्ने अवसर प्राप्त हुने गरी दुबै विद्यालयका कक्षाकोठाको वरिपरि झ्यालको तल्लो भागसम्म सोतो पाटीको व्यवस्था गरेको पाइयो । विद्यार्थीहरुलाई कक्षा कोठामा अनुशासन कायम राख्नु, शिक्षकको बालमैत्री पूर्ण व्यवहार, बाल अधिकार र बालआवश्यकतामा शिक्षकको ध्यान, वर्ग शिक्षण व्यवस्था, घरको भन्दा राम्रो वातावरण, कक्षामा बस्न पाउने व्यवस्था र कक्षामा पालना गर्नु पर्ने नियम विद्यार्थी र शिक्षकबााट नै तयार गरी कार्यान्वयन गर्ने काम भएको पाइयो ।

अध्ययनको लागि छनौटमा परेका दुबै विद्यालयमा कक्षा (१-३) सम्म वर्ग शिक्षण सिकाई गरेको पाइयो । तालिम प्राप्त  लगनशील र वर्ग शिक्षण गर्न इच्छुक महिला शिक्षिकबाट वर्ग शिक्षण सिकाई गराइएको र अन्य (२-३) कक्षाको दाँजोमा कक्षा एकको कोठाको  वातावरण बालमैत्रीपूर्ण पाइयो । वर्ग शिक्षण सिकाइँ गर्ने वर्ग शिक्षकलाई वर्ग शिक्षण बालमनोविज्ञान, बाल अधिकार, हिंसा रहित तथा सक्रिय सिकाई सम्बन्धि तालिम दिइएको पाइयो । साना-साना बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक एवम् मनोबैज्ञानिक तथ्यलाई ख्यालमा राखी विषयवस्तुको प्रक्रिया र स्वरूपलाई आधारमानी विद्यार्थी केन्द्रित विधि अन्तर्गत कथा-कथन, अभिनय, प्रदर्शन र खेल विधि अपनाएर शिक्षण सिकाई गर्ने गरेको पाइयो । वर्ग शिक्षण सिकाईको शुरूवात गर्दा शिक्षकहरू कक्षाकोठामा पस्नासाथ विषयवस्तुमा प्रवेश नगरी कथा, कविता, चुटकिला सुनाएर बालबालिकालाई सिकाईप्रति उत्साहित वनाएर शिक्षण सिकाईको क्रियाकलाप बालमैत्रीपूर्ण वातावरणमा प्रश्न गर्दै गरेको पाइयो । कक्षाकोठामा उपलब्ध शैक्षिक सामग्री शिक्षक विद्यार्थी दुबै पक्षले प्रयोग गर्ने र सुरक्षित गर्ने जिम्मेवारी समेत बहन गरेको पाइयो । विद्यार्थी मूल्यांकनको अवस्था हेर्दा निरन्तर विद्यार्थी मूल्यांकन गरेको पाइयो भने समान किसिमले सबैलाई प्रश्न सोध्ने र नजान्नेलाई सिकाई दिने र जान्ने लाई स्यावासी दिएर हौसला बढाएको पाइयो । समय तालिका विद्यार्थीको प्राकृतिक स्वभावलाई विचार गर्दा प्रत्येक २/२ घंटीमा विश्राम दिने गरी शिक्षक आफैले नियम बनाएको पाइयो भने आवश्यकता अनुसार समय तालिका परिवर्तन गर्न सक्ने प्रकृतिको रहेको पाइयो ।

कक्षा संख्याको अनुपातमा शिक्षक व्यवस्था, पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गरी अनुभवी, तालिम प्राप्त र गलनशील महिला शिक्षकलाई कक्षा (१-३) मा वर्ग  शिक्षकको जिम्मेवारी दिन सक्नु पर्छ । वर्ग शिक्षण सिकाईमा एउटै विधिको प्रयोग नगरी विद्यार्थीको आवश्यकता, रूचि रविधिको प्रयोग नगरी विद्यार्थीको आवश्यकता, रूचि, चाहनालाई हेरेर विषयवस्तुको प्रकृति र स्वरूप अनुसारको शिक्षण विधि छनौट गर्नु पर्ने । बालबालिकाको वास्तविक अवस्थाको जानकारी गराई सुधारात्मक उपाय अपनाउ कक्षागत रूपमा कम्तिमा ३ महिनामा एक पटक आमाभेला प्र.अ. को सहयोगमा गर्नुपर्ने । कक्षामा संचालन गरिने शिक्षण सिकाई क्रियाकलाप बालकेन्द्रित मनोरञ्जनात्मक बालबालिकाको रूचि, इच्छा, र आवश्यकता अनुसार संचालन गर्न शिक्षकले आफूलाई सहयोगि मित्रको रूपमा प्रस्तुत हुनु पर्ने ।

बालबालिकाले बजारबाट खरीद गरेर ल्याएको शैक्षिक सामग्री प्रति आकर्षण हुने हुनाले उनीहरूलाई विषय वस्तुको प्रकृति अनुसार बजारबाट खरीद सामग्रीको उपलब्धि कम हुनाले शैक्षिक सामग्रीको प्रयोगमा समस्या परेको पाइयो । विद्यार्थीलाई विभिन्न आकार र समूहमा विभाजन गरी बस्न मिल्ने गरी कक्षाकोठाको व्यवस्था हुनुपर्ने धारणा वर्ग शिक्षण सिकाईको रहेको पाइयो ।

## ५.२ निष्कर्ष

शोध अध्ययनका उद्देश्यहरू परिपूतिगर्ने क्रममा खोज अनुसधानाका क्रममा प्राप्त भएका जवाफ, अवलोकन विभिन्न सिद्धान्त, लेख रचनाका आधारमा विभिन्न निष्कर्षहरू ठम्याइएको छ ।

वर्ग शिक्षण सिकाई अन्तर्गत शिक्षक र विद्यार्थी एउटै काक्षामा दिनभरि बस्ने भएको हुदाँ कक्षाकोठा आकर्षक, सुविधायुक्त र सरसफाईको कार्य विद्यार्थीहरूको सहयोग लिई भएको छ । दुबै विद्यालयमा विद्यार्थीको रूचिलाई ध्यान दिएर विद्यार्थी बसाई व्यवस्था, सुन्न, हेर्न, क्रियाकलाप गर्न र एक आपसमा छलफल गर्न मिल्ने गरी व्यवस्था मिलाउनुको साथै कक्षाकोठाका भित्तदाई विषय कुनाको रूपमा प्रयोग गर्ने गरी निश्चित स्थान र विषयसँग सम्बन्धित चित्र, तस्वीर, चार्टहरू झुण्ड्याएर र टाँसेको तथा शिक्षण सिकाई अनुकुलता सामग्री राखी काम गरेको छ ।

कक्षा कोठाको चारै भित्तामा विद्यार्थीको पहुँचमा रहेन गरी सबै बालबालिकाले लेख्न र सिक्न सक्ने अवसर समेतको उपलब्धता प्रदान गर्ने किसिमले सेतो वोर्ड राखेको छ र बालबालिकाले भेट्टाउन नसक्ने स्थानमा कालोपाटि राखेर शिक्षकले मात्र प्रयोग गर्ने परिपाटीको अन्त्य भएको छ । वर्ग शिक्षण सिकाईको लागि समग्रमा कक्षाकोठा व्यवस्थापनको अवस्था सकारात्मक रहेको छ ।

सामुदायिक विद्यालयको कक्षा (१-३) मा वर्ग शिक्षण सिकाईको अवस्था हेर्दा तालिम प्राप्त अनुभवी, वर्ग शिक्षण गर्न चाहने महिला शिक्षकलाई वर्ग शिक्षण गर्ने जिम्मेवारी दिइएको पाइएको छ । वर्ग शिक्षण सम्बन्धि तालिम प्राप्त शिक्षकबाट बालमैत्री पूर्ण वातावरणमा बालबालिकाको रूचि, क्षमता र आवश्यकतालाई ध्यान दिएर मनोरञ्जानात्मक शिक्षण गर्दा

शिक्षक भन्दा विद्यार्थीहरूलाई सक्रिय रूपमा सहभागी गराउने उद्देश्यले विद्यार्थी केन्द्रित विधि अपनाएर शिक्षण सिकाई गरेको पाइएको छ ।

प्राथमिक तहका बालबालिका साना हुनाले उनिहरूको इच्छा, चाहना र आवश्यकतालाई ख्यालमा राखी बालबालिकाहरूलाई जबरजस्ती शिक्षण कार्यमा सहभागी नगराई उनीहरूलाई खेल खेली कथाकथनको माध्यमबाट र विषयवस्तुको प्रकृति र स्वरूप अनुसार शिक्षण सिकाँई गरेको पाइएको छ । वर्ग शिक्षण सिकाईको शुरूवात गर्दा वर्ग शिक्षकले कथा कविता, चुटकिला र गीत गाएर विषयवस्तुप्रति प्रवेश गरेको पाइएको छ भने अध्ययन अध्यापनको बेला विद्यार्थीहरूले अल्छी मानेमा विचैमा विश्राम दिएर फेरि गीत, कथा, कविता भनेर विद्यार्थीलाई नाच्न लगाएर फेरी अध्ययन गर्न सक्रिय बनाएर शिक्षण कार्य गरेको छ ।

शिक्षण कार्यमा शिक्षक निर्मित र विद्यार्थी निर्मित सामग्रीको प्रयोग न्यून रूपमा गरेके छ भने स्थानीय स्तरबाट र बजारबाट खरीद गरेर ल्याएका शैक्षिक सामग्री बढी प्रयोगमा ल्याएको निष्कर्ष निकाल्न सकिन्छ किनभने विद्यार्थीहरू पनि बजारबाट खरीद गरी ल्याएको शैक्षिक सामग्रीलाई बढी रूचाएको र त्यसैको आधारमा विषय वस्तुको प्रकृति र स्वरूप अनुसार शैक्षिक सामग्रीको प्रयोग गरेको पाइयो । नमूना छनौटमा परेका दुबै विद्यालयका विद्यार्थीको प्रगतिबारे निरन्तर मूल्यांकन विधिको उपयुक्तता स्वीकार गरी निरन्तर मूल्यांकन प्रणाली अपनाउने प्रयास सकारात्मक भएतापनि यसको सही कार्यान्वयन गर्ने कार्यमा समस्या उत्पन्न भएको छ ।

विद्यार्थीहरूलाई प्रश्न गर्दा समूहमा प्रश्न गरेर व्यक्तिगत जवफ लिने गरेको छ जसमा विद्यार्थीबाट सही जवाफ आए स्याबासी र गलत जवाफ आएमा पुन : भनिदिने काम भएको छ शिक्षक नआएको बेलामा विद्यार्थीको अगुवा मनिटर ले कक्षा संचालन मात्र गरेको तर शिक्षकहरूले दिने ज्ञान नपाएर केवल विद्यार्थीहरूलाई नियत्रण गरेर मात्र राख्ने कार्य भएको छ ।

समय तालिका शिक्षकबाट विद्यार्थीहरूको रूची, चाहना र आवश्यकतालाई मध्यनजर गरी विद्यार्थीहरू मनोरञ्जन समेत प्रदान गर्ने गरी शारीरिक शिक्षालाई तयार गरिएको छ जसमा नेपाली र गणित विषयलाई बढी प्राथमिकता दिइएको छ ।

वर्ग शिक्षण व्यवस्थालाई प्रभावकारी बनाउने उपायहरूको खाजी गर्ने क्रममा प्र.अ. र वर्ग शिक्षकको धारणा बुझ्दा विद्यार्थी संख्या र वर्ग शिक्षक संख्या हुनुपर्ने, तालिम प्राप्त महिला शिक्षक हुनुपर्ने, प्रयाप्त मात्रमा शैक्षिक सामग्रीको प्रयोग गनुपर्ने शिक्षण विधि सधै एकै तरकिाले प्रयोग नगरी विविध विधि अपनाउनु पर्दछ, कक्षा कोठाव्यवस्थापन समय समयमा परिवर्तन गर्नुपर्दछ किनकि विद्यार्थीहरूमा नयाँ नयाँ बाल मनोविज्ञान, वाल अधिकार, बालमैत्रीपूर्ण विद्यालय, हिंसारहित शिक्षण सिकाई बालकेन्द्रित सिकाई सम्बन्धी तालिम दिनुपर्दछ । समय समयमा कक्षागत, आमाभेला कम्तिमा तीन महिनामा एक पटक गर्नुपर्ने, शिक्षकले बालबालिकाहरूमा जाति, लिङ्ग, वर्ग, धनी, गरीब, जान्ने, नजान्ने आदिमा भेदभाव नराखी शिक्षकहरुले व्यवहार गर्नुपर्दछ । साना साना बालबालिकाहरूले लेखेर जाँच दिदा विश्वसनीय नहुने हुनाले उनिहरूले सिकाई उपलब्धि हासिल गरे नगरेको मूल्यांकन बालमैत्री पूर्ण वातावरण भएको अवस्थामा गर्नुपर्दछ र साथै विद्यार्थीको नियमितता, कक्षाकार्य गृहकार्य, व्यवहारिक परिर्वतनलाई विद्यार्थीको मूल्यांकनको साधन मान्नुपर्दछ भन्ने निष्कर्ष रहेको छ ।

### ५.३ सुझावहरू

प्रस्तुत शोध अध्ययनका आधारमा वर्ग शिक्षणको प्रभावकारीतालाई प्रभावकारी बनाउन निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

### क) नितिगत तह

प्रत्येक विद्यालयमा महिला शिक्षकको दरवन्दीं किटान हुनु पर्ने देखिएको छ । सरकारले प्रत्येक विद्यालयमा दरवन्दी खोलाई कम्तीमा प्राथमिक तहमा ३ जना महिला शिक्षकलाई नियुक्ति गरिनु पर्दछ । तालिम अप्राप्त महिला शिक्षिकाहरूलाई उपयुक्त किसिमले तालिम केन्द्रमा तालिम लिन जाँदा आवश्यक सुविधाको व्यवस्था गरिनु पर्दछ  अर्थात उनिहरूलाई स्थानीय स्रोत केन्द्रमा नै तालिम दिन व्यवस्था मिलाउनु पर्दछ । अस्थायी र निजी स्रोतमा कार्यरत महिला शिक्षिकाहरूको पेशाप्रतिको दृष्टिकोणलाई सकारात्मक तर्फ लैजानको लागि निजी स्रोतमा भएकालाई अस्थायीमा र अस्थायी सेवामा रहेकालाई प्रक्रिया मिलाई स्थायी गरिनु पर्दछ । तालिम प्राप्त अनुभवि र आफ्नो पेशाप्रति लगनशील महिला शिक्षिकालाई प्राथमिक कक्षामा नियुक्ति गरिनु पर्दछ । वर्ग शिक्षकलाई मनोविज्ञान, वालअधिकार, बालमैत्री विद्यालय, हिसां रहित शिक्षण, बालकेन्द्रित सिकाई सम्बन्धी

तालिम अनिवार्य रूपले दिनु पर्दछ । तालिममा पाएको सीपलाई कक्षा कोठामा प्रयोग गर्दा आइपरेका समस्या समाधान गर्नको लागि समय समयमा २ देखि ३ दिनसम्मको पूनर्ताजगी तालिम स्रोत केन्द्रमानै प्रदान गर्ने व्यवस्था गर्नु पर्दछ ।

**ख) कार्यान्वयन तह**

बालबालिकाहरुको वास्तविक अवस्था अवगत गराएर सुधारात्मक उपाय अपनाउन कक्षागत रूपमा काम्तिमा तीन महीनामा एक पटक कक्षा शिक्षकले प्र.अ. को सहयोगमा कक्षागत आमा भेला गरिनु पर्दछ । बालबालिकाहरूलाई बजारबाट खरीद गरेर ल्याएको शैक्षिक सामग्री भन्दा विद्यार्थीहरू आफैले निर्माण गर्न लगाउन र शिक्षकले आफै निर्माण गरेको सामग्रीलाई प्रयोगमा ल्याउने व्यवस्था गरिनुपर्दछ, शिक्षकले शिक्षण गर्दा बालबालिकाहरूमा जाति, लिङ्ग, धनी, गरीब आदिमा भेदभाव नराखी शिक्षण गर्नुको साथै विद्यार्थीको व्यक्तिगत समस्याको पहिचान गरी दण्ड नदिई बालमैत्रीपूर्ण व्यवहार गरिनु पर्दछ । भाषिक कठिनाईमा परेका बालबालिकाहरूलाई मातृभाषामा नै बुझाई दिने व्यवस्था  मिलाउनु पर्दछ । लिखित परीक्षा दिन अनुभव नभएका प्राथिमिक तहको सुरूका कक्षाका बालबालिकाहरूलाई निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली अनुसार मूल्यांकन गर्ने व्यवस्था गरिनु पर्दछ । शिक्षक निर्देशिका र शैक्षिक सामग्रीको अभावमा कक्षा शिक्षण सिकाईमा प्रभावकारीता ल्याउन अहम भूमिका खेल्ने भएकोले ती सामग्रीहरूको व्यवस्थापन गरिनु पर्दछ । कक्षा शिक्षक नआएको वेलामा अर्को शिक्षकको व्यवस्था गर्नुपर्ने  देखिन्छ ।

**ग) अनुसन्धान तह**

वर्ग शिक्षणको प्रभावकारिता विषयक शोधकार्यमा प्रस्तुत गरिएका विभिन्न प्रकारका शोध, अध्ययन तथा अनुसन्धानको निष्कर्षमा के भन्न सकिन्छ भने यस विषयसँग सम्बन्धित विभिन्न प्रकारका लेख रचना तथा साहित्यहरूको अध्ययनबाट प्राप्त निचोडलाई प्रस्तुत गरी यस शोध अध्ययनबाट आगामी दिनमा यस विषयसँग सम्बन्धित रही शोध कार्य गर्ने व्यक्ति तथा संघ संस्थालाई वर्ग शिक्षणको प्रभावकारिताले आगामी दिनमा यससँग सम्बन्धित नीति निर्माण तयार गर्ने संघ, संस्थालाई समेत उपयोगी हुने छ भन्ने आशा राखेको छु । साथै वर्ग शिक्षणको प्रभावकारिता विषयक शोधकार्य गर्ने व्यक्तिहरूलाई भावी दिनमा यस शोध कार्यसँग सम्बन्धित रही यससँग सम्बन्धित कार्यलाई अझ दरिलो रुपमा प्रस्तुत गर्न टेवा पुग्ने छ भन्ने आशा गरिएको छ ।

## सन्दर्भ सामाग्रीहरू

Wagele, M.P., Aryal, p.n. and Pradhanananaga D. (2006). *Mid-Term Review Fineal Report of Quality Education Project Kavre*, Kathmandu : Save the Children Noraway, Nepal .

थापा, विमला (२०६७), *सामुदायिक विद्यालयको प्राथमिक तहको कक्षा शिक्षण,* स्नातकोत्तर तह एम.एड., शोधपत्र (अप्रकाशित कृति), शिक्षा शास्त्र केन्द्रिय विभाग, कीर्तिपुर ।

दुरशिक्षा केन्द्र (२०४९), *कक्षा संगठन तथा विद्यालय व्यवस्थापन,* सानोठिमी , भक्तपुर : *प्राथामिक शिक्षक स्वाध्यन सामग्री,* श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।

दुर शिक्षा केन्द्र (२०५९), *दुरशिक्षा शिक्षण पुस्तिका,* भक्तपुर : श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, दुर शिक्षा केन्द्र ।

शर्मा, गोपीनाथ, *नेपालका शिक्षा आयोगहरुका प्रतिवेदनहरु,* मकालु वुक्स एण्ड स्टेशनर्श पुतलीसडक, काठमाडौं ।

शर्मा चिरञ्जीवि र शर्मा निर्मला (२०५८). *शिक्षाको समाजशास्त्रीय र दर्शनशास्त्रीय आधार,* भोटाहिटि काठमाडौं : एम के पब्लिशर्स एण्ड डिष्ट्रीव्यूटस ।

शिक्षा भिवाग. (२०६०) *अध्ययन प्रतिवेदन,* श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, सानोठिमि, भक्तपुर ।

शैक्षिक जनशक्ति बिकाश केन्द्र (२०६१). *शिक्षणका आधार,* भक्तपुरः श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शैक्षिक, शैक्षिक जनशक्ति विकाश केन्द्र, ।

शैक्षिक जनशक्ति विकाश केन्द्र. (२०६३) *आधारभुत प्राथामिक शिक्षक सेवाकालीन तालीम निर्देशिका,* भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शैक्षिक जनशक्ति विकाश केन्द्र,।

शैक्षिक जनशक्ति विकाश केन्द्र. (२०६४). *आधारभूत प्राथमिक शिक्षक प्रशिक्षण स्रोत सामाग्री,* भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शैक्षिक जनशक्ति विकाश केन्द्र ।

प्राथमिक शिक्षा परियोजना (२०५५), *वर्ग शिक्षण तालिम पुस्तिका,* भक्तपुर : प्राथमिक शिक्षा परियोजना प्राथमिक शिक्षक तालिम एकाई ।

# अनुसूची-एक

## वर्ग शिक्षणको प्रभावकारिता

## प्रधानाध्यापकसँग वर्ग शिक्षण सम्बन्धी अन्तर्वार्ता तालिका

**विद्यालयको नाम :**

**ठेगाना :** **योग्यता :**

**प्र.अ.को नाम :** **तालिम :**

१. तपाईको विद्यालयमा कतिकक्षा सम्म वर्ग शिक्षण चलाउनु भएको छ ?

२. वर्ग शिक्षणको छनोट कसरी गर्नु भएको छ ?

३. वर्ग शिक्षणको अवलोकन गर्नु भएको छ ?

४. वर्ग शिक्षक विदामा बस्दा कक्षा संचालन कसरी गरिन्छ ?

५. वर्ग शिक्षण गरेपछि देखिएका उपलब्धि के के छन् ?

६. वर्ग शिक्षण गर्न शिक्षकहरू आकर्षित भएका छन् त ?

७. कोहि वर्ग शिक्षकबाट केही गुनासो आएको छ ? आएको भए कस्तो खालको छ ?

८. कक्षा शिक्षकहरूको अनुभव आदान-प्रदान गर्न के के गर्नु पर्ला ?

९. कक्षा शिक्षक तालिम प्राप्त हुन आवश्यक छ ?

१०. विद्यार्थीलाई विद्यालयमा आकर्षित गराउन के के गर्नुपर्ला ?

११. वर्ग शिक्षण संचालन गर्ने न्यूनतम आधारहरू के के हुन् ?

१२. कक्षा व्यवस्थापनमा कसरी सहयोग गर्नुहुन्छ ?

१३. वर्ग शिक्षणको उपलब्धि कसरी मापन गर्ने गरेको छ ?

१४. विद्यार्थी मूल्यांकन रेर्कड राख्नु भएको छ ?

१५. विद्यार्थी मूल्यांकन कसरी गर्नु भएको छ ?

१६. कक्षा शिक्षक विदामा बस्ता कस्तो व्यवस्था गर्नु पर्ला ?

१७. वर्ग शिक्षणलाई अझ प्रभावकारी बनाउन के के गर्नुपर्छ जस्तो लाग्छ ?

# अनुसूची-दुई

## वर्ग शिक्षणको प्रभावकारिता

## वर्ग शिक्षकको लागि अन्तर्वार्ता

**विद्यालयको नाम :** **कक्षा :**

**ठेगाना :** **शिक्षण अनुभव**

**शिक्षकको नाम :** **तलब स्रोत : सरकारी/ निजी**

**शैक्षिक योग्यता :**

१. तपाईले वर्ग शिक्षण गर्नु भएको कति वर्ष भयो ?

२. वर्ग शिक्षणको छनोट कसरी गर्नु भएको छ ?

३. तपाईले पाउनु भएको तालिमले वर्ग शिक्षण गर्न मदत पुगेको छ ?

४. तपाईको कक्षा अवलोकन को-को बाट हुने गरेको छ ?

५. शिक्षणको विषय लिएर तपाई र अरू शिक्षकहरू बीच छलफल वा अनुभव आदान-प्रदान भएको छ ?

६. तपाईले अन्य विद्यालयमा गएर वर्ग शिक्षणको अवलोकन गर्नु भएको छ ?

७. विद्यार्थीले कक्षाकोठामा गर्ने क्रियाकलाप विभाजन भएको छ कि छैन् ?

८. कक्षाकोठाको सरसफाई क-कसले गर्ने व्यवस्था छ ?

९. विद्यार्थीलाई कक्षा-कोठामा आकर्षक गर्न के के गर्नु भएको छ ?

१०. तपाईलाई वर्गशिक्षण गर्नु आवश्यक छ जस्तो लाग्छ ? किन ?

११. कुन-कुन कक्षामा वर्ग शिक्षण गर्नु पर्ला जस्तो लाग्छ ?

१२. कस्तो व्यक्तिलाई वर्ग शिक्षक बनाउँदा बढी प्रभावकारी होला ?

१३. शिक्षण सिकाई क्रियाकलाप सधै एउटै विधिबाट गर्नु हुन्छ कि विविध शिक्षण विधिको प्रयोग गर्नुहुन्छ ?

१४. वर्ग शिक्षणलाई अझ बढी प्रभावकारी बनाउन के कस्तो सोच बनाउनु भएको छ ?

१५. विद्यार्थी मूल्यांकन रेकर्ड राख्नु भएको छ ?

१६. तपाईहरू आ-आफ्नो विद्यालयमा कुन-मूल्यांकन विधि अपनाउनु हुन्छ ?

१७. विद्यार्थी मूल्यांकन कसरी गर्नु हुन्छ ?

१८. तपाईले अध्ययन गरिसकेपछि विद्यार्थीहरूले सिके वा सिकने कसरी थाहा पाउनुहुन्छ ?

१९. विद्यार्थी उपलब्धिको वास्तविक मूल्यांकन कुन मूल्यांकनबाट हुन्छ ?

२०. समय तालिका कसले बनाई दिन्छ ? कि आफै बनाउनु हुन्छ ?

२१. शिक्षण गर्दा पाठ सँग सम्बन्धित शैक्षिक सामग्रीको निर्माण आफै गुर्न हुन्छ कि बजारबाट खरीद गर्नुहुन्छ ?

२२. कक्षा व्यवस्थापन अनुरूप विद्यार्थीको बसाई वेन्च डेस्कमा समय समयमा परिवर्तन गर्नुभएको छ ?

२३. कक्षा व्यवस्थापनमा कस-कसलाई प्रयोग गनुहुन्छ ?

२४. प्रत्येक पाठको अन्तिम परीक्षा लिनु हुन्छ ?

२५. वर्ग शिक्षणका लागि आवश्यक पर्ने निम्न शर्तहरू के के हुन् ?

२६. वर्ग शिक्षणलाई अझ प्रभावकारी बनाउन के गर्नुहुन्छ ?

# अनुसूची-तीन

## वर्ग शिक्षणको प्रभावकारिता

## विद्यार्थीसँग गरिएको लक्षित समूह छलफलका प्रश्नावली

**विद्यालयको नाम :**

**ठेगाना :** **कक्षा :**

१. तिमीहरूलाई पढाउने शिक्षकको नाम के हो ?

२. तिमीहरूलाई कति जना शिक्षकले पढाउने हुन्छ ?

३. तिमीहरूलाई घरमा रमाइलो लाग्छ कि विद्यालयमा रमाइलो लाग्छ ?

४. तिमीहरूलाई शिक्षकले पिट्ने गाली गर्ने गर्नुहुन्छ ?

५. कक्षा कोठा कसले सफा गर्छ ?

६. तिमीहरूले कालो पाटिमा लेखेका छौ ?

७. शिक्षकले कथा, कविता, चुटकिला भनेको सुनेका छौ ?

८. तिमिहरूलाई एक जना शिक्षकले मात्र पढाएको राम्रो कि धेरै नाम शिक्षकले पढाएको राम्रो लाग्छ ?

९.तिमीहरूले शिक्षकले सोधेका कुरा भन्न सकेमा के भन्नु हुन्छ ?

१०. तिमिहरूले नजानेको कुरा कसलाई सोध्छौ ?

११. तिमिहरूलाई सरले पढाएको मन पर्छ कि मिसले पढाएको मन पर्छ ?

१२. तिमिहरूको बुबा-आमालाई शिक्षकले विद्यालयमा वोलाउनु भएको छ ?

१३. तिमिहरूको शिक्षक पढाउन नआएको बेला कसले पढाउँछ ?

१४. सरले पाठ पढाई सकेपछि नियमित परिक्षा लिनु हुन्छ कि हुदैन् ?

१५. कक्षा कोठामा बस्ने बैच, डेस्कहरू प्रसस्त छ वा छैन् ?

१६. कक्षा कोठामा तिमि बस्दा खाँदाखादमा वस्छौ कि खुलारूपमा वस्छौ ?

१७. वर्ग शिक्षण अझ राम्रो बनाउन के गर्नु पर्छ भन्ने लाग्छ ?

# अनुसूची-चार

## वर्ग शिक्षणको प्रभावकारिता

## कक्षा व्यवस्थापन रूजु सूची

**विद्यालयको नाम :** **ठेगना :**

**कक्षा :**

| क्र.स | कक्षा कोठाको अवस्था | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | कक्षा कोठा सफा | | | |
| २. | कक्षामा फोहार संक्लन गर्ने भाडाँको व्यवस्था | | | |
| ३ | घामको उज्यालो विद्यार्थीको आखामा नफर्ने गरी बसाई व्यवस्था | | | |
| ४ | हेर्न,सुन्न तथा कियाकलाप गर्न सक्ने गरी विद्यार्थी बसाई व्यवस्था | | | |
| ५ | विषयको कुनाहरूको व्यवस्था भएको | | | |
| ६ | डोरीको प्रयोग गरी सामाग्री प्रदर्शन गर्ने व्यवस्था | | | |
| ७ | विद्यार्थीका कार्य तालिका राखिएको | | | |
| ८ | कालोपाटीको रखाई ठीक ठाँउमा भएको | | | |
| ९ | कक्षाको आकार अनुसारको विद्यार्थी बसाई व्यवस्था | | | |

| | | | | |
|---|---|---|---|---|
| १० | क्रियाकलाप गर्नका लागि विद्यार्थीको समुह विभाजन गरिएको शैक्षिक सामाग्रीको प्रयाप्त व्यवस्था गरिएको | | | |
| ११ | शैक्षिक सामाग्री प्रर्दशन गर्ने ठाउँको व्यवस्था | | | |
| १२ | शैक्षिक सामाग्री व्यवस्थित तरीकाले राखिएको | | | |
| १३ | प्रर्याप्त प्रकाशनको व्यवस्था | | | |
| १४ | कक्षा कोठालाई सिकाई अनुकुल सजाइएको | | | |
| १५ | विद्यार्थीलाई बस्ने फर्निचरको व्यवस्था गरिएको । | | | |

# अनुसुचि-पाँच

## वर्ग शिक्षणको प्रभावकारिता

## वर्ग शिक्षण कियाकलापको अवलोकन फाराम

**विद्यालयको नामः** **ठेगानाः**

**कक्षाः**

| क.स. | वर्ग शिक्षण कियाकलापको विश्लेषण | उत्तम | मध्यम | न्युन |
|---|---|---|---|---|
| १ | शिक्षणको लागी अनुकुल वातावरण तयार | | | |
| २ | विद्यार्थीको रूचिको सम्मान | | | |
| ३ | विद्यार्थीको क्षमता अनुसार सिकाई अवसर | | | |
| ४ | समूह क्रियाकलापको अवस्था | | | |
| ५ | समूह कियाकलापमा विद्यार्थी सहभागिता | | | |
| ६ | विद्यार्थी सिकाईका लागि उत्प्रेरित भएको अवस्था | | | |
| ७ | कक्षा अनुशासनको अवस्था | | | |
| ८ | विद्यार्थीसँग शिक्षकको मैत्रिपूर्ण व्यवहार | | | |
| ९ | विद्यार्थीलाई पुनर्वल प्रदानको अवस्था | | | |
| १० | शैक्षिक सामाग्री स्तरयुक्त र स्पष्ट भएको अवस्था | | | |
| ११ | शैक्षिक सामाग्री स्तरयुक्त र स्पष्ट भएको अवस्था | | | |
| १२ | शिक्षण गरिएको पाठलाई समान्यीकरण गरिएको | | | |
| १३ | सिकाई उपलब्धि सँग सम्बन्धित कियाकलाप | | | |
| १४ | कक्षा शिक्षणमा मनोरञ्जनात्मक वातावरण | | | |
| १५ | कालोपाटीको रखाई र प्रयागको अवस्था | | | |
| १६ | विद्यार्थीले कालापाटीको प्रयोग गर्ने अवसरपाएको | | | |
| १७ | स्थानीय र विद्यार्थी निर्मित सामाग्रीको प्रयोग | | | |
| १८ | शिक्षक निर्मित सामग्रीको प्रयोग | | | |
| १९ | विद्यार्थीको सम्पूर्ण पक्षको मूल्याङ्कनको | | | |
| २० | मूल्यांकनको अभिलेख रखेको अवस्था | | | |
| २१ | नियमित र निरन्तर मूल्यांकनको अवस्था | | | |
| २२ | कमजोर विद्यार्थीलाई थप अभ्यासको अवस्था | | | |
| २३ | शिक्षण बालकेन्द्रित गरिएको अवस्था | | | |
| २४ | तेज विद्यार्थीहरूलाई थप सिकाईको अवस्था | | | |

# अनुसुचि -छ

## वर्ग शिक्षणको प्रभावकारिता

## वर्ग शिक्षणको प्रभावकारिता अध्ययनको लागि छनोटमा परेका विद्यालय र सहभागिहरूको सङ्ख्या

(१) विद्यालय विवरण

| क्र.स | विद्यालयको नामा | ठेगाना |
|---|---|---|
| १. | श्री सरस्वती उ.मा.वि. | कल्याणपुर (मोरङ्ग) |
| २ | श्री मा.वि. | बरडंगा(मोरङ्ग) |

| क्र.स. | विवरण | सहभागी संख्या | जम्मा सं. |
|---|---|---|---|
| १ | कक्षा शिक्षक | १×३×२ | ६ जना |
| २ | प्र.अ. | १×२ | २ जना |
| ३ | विद्यार्थी | १×६×६ | ३६ जना |

## अनुसूची-सात

## वर्ग शिक्षणको प्रभावकारिता

## वर्ग शिक्षणलाई प्रभावकारी बनाउने उपायहरूमा गरिएको अन्तर्वार्ताबाट प्राप्त सूचनाहरू प्र.अ. तथा शिक्षकहरूको प्रतिक्रिया

| विवरण | प्र.अ. बाट प्राप्त प्रतिक्रिया | शिक्षकबाट प्राप्त प्रतिक्रिया |
|---|---|---|
| पूर्व तयारी | तालिम प्राप्त लगनशिल महिला शिक्षकलाई प्रथमिक दिने | कक्षा संख्याको तुलनामा शिक्षक संख्या कम भएमा शिक्षक संख्या पूरा गरेर मात्र शिक्षण लागू गनुपर्दछ। |
| शिक्षक तालिमको अवस्था | वर्ग शिक्षकलाई बाल मनोविज्ञान बाल अधिकार बाल विद्यालय, हिंसा रहित शिक्षण, बाल केन्द्रित सिकाई सम्बन्धी तालिम दिनु पर्दछ। | तालिममा पाएका सीपलाई कक्षा-कोठामा प्रयोग गर्दा आईपरेका समस्या समाधान गर्नको लागि समय-समयमा २ देखि ३ दिनसम्मको पुनर्ताजगी तालिम स्रोत केन्द्रस्तरमानै प्रदान गर्ने व्यवस्था गर्नुपर्दछ। |
| कक्षागत आमाभेला | प्रत्येक ३-३ महीनामा बाल बालिकाका आभिभावकलाई भेला गरी बालबालिकाको यर्थाथ अवस्थाको जानकारी दिनुपर्दछ। | बाल बालिकाको वास्तविक अवस्था अवगत गराएर सुधारात्मक उपाय अपनाउन कक्षागत रूपमा कम्तिमा तीन महीनामा एक पटक कक्षा शिक्षकले कक्षा गत आमा भेला गर्नु पर्दछ। |
| शिक्षण क्रियाकलापमा सबैलाई समान अवसर | शिक्षण क्रियाकलापमा संचालन गर्दा शिक्षक केन्द्रित विधि अपनाउँदा विद्यार्थीहरू निष्क्रिय हुने हुनाले विद्यार्थीहरूलाई सक्रिय गराउन विद्यार्थी केन्द्रित विधि अपनाउनु पर्दछ। | रूचि क्षमता र आवश्यकतालाई ध्यान दिनु पर्दछ। |
| शैक्षिक | विषयवस्तुको प्रकृति अनुसार शैक्षिक सामग्रीको | बालबालिकाहरू बजारबाट खरीद गरी |

| | | |
|---|---|---|
| सामग्रीको निर्माण र प्रयोग | प्रयोग गर्नुपर्दछ भने तीसामग्री विद्यार्थी निर्मित र शिक्षक निर्मित हुनु पर्दछ । | ल्याएको शैक्षिक सामग्री प्रति आकर्षक हुने हुनाले उनीहरूलाई आफै शैक्षिक सामग्री निर्माण गर्न लगाउनु पर्दछ । |
| शिक्षकको व्यवहार | भेदभाव रहित हुनुपर्दछ । | भेदभावरहित हुनुपर्दछ । |
| विद्यार्थी बसाईको व्यवस्था | विद्यार्थी बसाईमा समय समयमा परिवर्तन गरी रहनुपर्दछ । | विद्यार्थीहरूलाई समय समयमा विभिन्न आकारमा बसाई शिक्षण गनुपर्दछ । |
| उपयुक्त विद्यार्थी मूल्यांकन | लिखित जाँच दिन नसक्ने बालबालिकालाई निरन्तर विद्यार्थी मूल्यांकन द्वारा विभिन्न साधन अपनाएर मूल्यांकन गरी कक्षा उत्तीर्ण गर्नुपर्दछ । | विद्यार्थीको ाियमितता कक्षाकार्य, गृहकार्य, व्यवहारीक परिवर्तनलाई सहित मूल्यांकन मान्नुपर्दछ । |